यस अवार्डले एनएमबि बैंकलाई निरन्तर रूपमा समावेशी र दिगो विकास गर्ने आफ्नो उद्देश्य प्राप्त गर्दै अघि बढ्न प्रोत्साहन मिलेको बैंकले जनाएको छ । बैंकले हाल देशभर २०१ शाखा, १८७ एटीएम र ११ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गर्दै आएको छ ।

# कन्याममा 'टी टेस्टिङ एन्ड प्रमोसन सेन्टर' सञ्चालन हुँदै

इलामा । इलामको सूर्योदय नगरपालिका-७ कन्याममा निर्माण भएको 'टी टेस्टिङ एन्ड प्रमोसन सेन्टर' सञ्चालनको तयारीमा छ । कोशी प्रदेश सरकार र नगरपालिकाको २३ करोड रुपैयाँ लगानीमा बनेको उक्त सेन्टर यही मङ्सिर २७ देखि सञ्चालनमा आउन लागेको हो । मङ्सिर २७ गते कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले केन्द्रको उद्घाटन गर्ने नगर प्रमुख रणबहादुर राईले जानकारी दिए । 'यो मुलुकको पहिलो चिया अनुसन्धान तथा प्रवर्द्धन केन्द्र हो, केन्द्रको पूर्वाधार निर्माणका सबै काम सम्पन्न भएको छ,' उनले भने ।

केन्द्रमा उपकरण समेत जडान भइसकेको जानकारी उनले दिए । उनका अनुसार केन्द्रमा चिया चाख्ने (टी टेस्टिङ) र चिया अनुसन्धानका काम हुनेछ ।

'आवश्यक पर्ने अन्य उपकरण व्यवस्थापन गरिँदै छ । यो केन्द्र इलामका लागि मात्र होइन, देशकै लागि पनि नमुना हुने विश्वास लिएका छौं,' नगर प्रमुख राईले भने, 'चियाको स्वाद, गुणस्तर जाँचदेखि चियासम्बन्धी सबै किसिमका अध्ययन यही केन्द्रमा हुनेछ ।' केन्द्रमा विश्वभरका चिया व्यापारी वा टी-इन्स्पेक्टर (चियाविज्ञ)ले चियाको गुणस्तर जाँच गर्न सक्ने उनले बताए ।

कन्याम घुम्न आउने पर्यटकले थरीथरीका चियाका स्वाद लिन पाउने नगर कार्यालयले जनाएको छ । सेन्टर सञ्चालनका लागि नगरले कार्यविधि तयार गरेको छ । नगर प्रमुख राईले टी टेस्टिङ नगरअन्तर्गत हुने अनुसन्धानको काम नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले गर्ने जानकारी दिए ।

चिया रोप्न शुरू भएको करीब १६० वर्षपछि इलाममा अनुसन्धान केन्द्र निर्माण हुँदा यहाँका किसानमा उत्साह थपिएको छ । चिया किसान मनोज भट्टराईले केन्द्र स्थापनापछि चियामा लाग्ने स-साना रोगको पहिचान हुने र उत्पादन बढाउन किसानलाई सहज हुने बताए । केन्द्रले गाउँमा चिया प्राविधिक उत्पादन गर्न मद्दत गरेमा किसानलाई थप सहज हुने उनको भनाइ छ ।

केन्द्र चियाको व्यापार प्रवर्द्धनमा सहयोगी बन्ने कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानामगरले बताए । 'अहिले गुणस्तरीय चिया जाँच, यसको व्यापार र गुणस्तर प्रवर्द्धन गर्न किसानलाई समस्या भइरहेको छ,' उनले भने, 'अब कन्याममा अनुसन्धान केन्द्र सञ्चालन भएपछि धेरै सुविधा पुग्छ ।'

केन्द्र निर्माणले समग्र जिल्लाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकार भएकाहरू बताउँछन् । नगरपालिकामा ठूलो लगानीका आयोजनामध्ये कुनै निर्माणको अन्तिम चरणमा छन् भने कुनै निर्माण भइरहेको नगर प्रमुख राईले बताए । *रासस*

# एनआईबीएल इक्विटी पार्टनर्सद्वारा इलेक्ट्रो पावरमा लगानी




काठमाडौं (अस) । दिगो व्यवसाय प्रवर्द्धनमा केन्द्रित प्राइभेट इक्विटी फर्म एनआईबीएल इक्विटी पार्टनर्सले इलेक्ट्रो पावर कम्पनी लिमिटेडमा लगानी गर्ने सम्झौता गरेको छ । यो साझेदारीले भोटेकोशी नदीमा निर्माणाधीन ४४ मेगावाटको जलविद्युत् परियोजनालाई थप ऊर्जाका साथै परियोजनाका लागि आवश्यक इक्विटी आवश्यकता पनि पूरा गर्न योगदान गर्नेछ ।

एनआईएमबी एस क्यापिटल लिमिटेडको व्यवस्थापनमा रहेको एनआईबीएल इक्विटी पार्टनर्सले नेपालका जलविद्युत् परियोजनाले आर्थिक विकास र दिगो स्वच्छ ऊर्जा प्रवर्धन गर्न राखेको सम्भावनालाई महत्त्वका साथ लिँदै आएको छ । यो साझेदारीले ऊर्जा सुरक्षामा योगदान पुऱ्याउँदै ऊर्जा निर्यातको सम्भावनालाई बलियो बनाउन सहयोग पुग्ने एनआईबीएल इक्विटी पार्टनर्सको विश्वास रहेको छ ।

एनआईएमबी एस क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले भने, 'इलेक्ट्रो पावर कम्पनी लिमिटेडसँगको हाम्रो यो साझेदारीले नेपालको ऊर्जा सम्भावनालाई थप उपयोग गर्न सहयोग पुऱ्याउनेछ ।' यस्तै इलेक्ट्रो पावर कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक माधवप्रसाद मैनालीले भने 'यो साझेदारीले निर्माण प्रक्रियालाई तीव्रता दिनुका साथै हाम्रो आत्मबल बढाउनेछ र जलविद्युत् परियोजनाको विकासलाई तीव्र गतिमा अघि बढाउन मद्दत गर्नेछ ।'

# प्रधानमन्त्री ओली हिमालय एअरलाइन्स्बाट स्वदेश फिर्ता




काठमाडौं (अस) । प्रधानमन्त्री केपी शर्मा ओली चीनको राजधानी बेजिङको औपचारिक भ्रमण सम्पन्न गरी हिमालय एअरलाइन्स्को जहाजबाट स्वदेश फर्कनुभएको छ । भ्रमणमा प्रधानमन्त्रीसँगै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु प्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, सांसदहरू, मुख्यसचिव, वरिष्ठ सरकारी अधिकारी र विभिन्न उद्योग, व्यवसायका प्रतिनिधि संलग्न थिए ।

हिमालय एअरलाइन्स्को वायुयान बिहीवार बिहान ११ बजे (चीनको स्थानीय समय) बेजिङ क्यापिटल इन्टरनेशनल एअरपोर्टबाट प्रस्थान गरी नेपाली समयानुसार पौने ३ बजे त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, काठमाडौंमा अवतरण गरेको थियो । हिमालय एअरलाइन्स्का अध्यक्ष झो एन्योंगले प्रधानमन्त्री तथा प्रतिनिधिमण्डललाई विमानमा स्वागत गरेका थिए । यस्तै कम्पनीका उपाध्यक्ष (प्रशासन) विजय श्रेष्ठले विमानस्थलमा आगमनपश्चात् औपचारिक रूपमा स्वागत गरेको बताइएको छ ।

'उच्चस्तरीय उडानको सफल व्यवस्थापनले हिमालय एअरलाइन्स्को राष्ट्र सेवाप्रतिको समर्पण र देशको यस्ता महत्त्वपूर्ण उडान सफलतापूर्वक सञ्चालन गर्न सक्ने क्षमताको पुष्टि गरेको छ । यसले एअरलाइन्स्लाई राष्ट्रका लागि भरपर्दो साझेदारको रूपमा आफूलाई स्थापित गरेको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# 'बीएमडब्ल्यू एक्ससेभेन एक्सड्राइभ फोर्टीआई' एक हप्ताभित्र विक्री

काठमाडौं (अस) । नेपालको सबैभन्दा महँगो लक्जरी गाडी बीएमडब्ल्यू एक्ससेभेन एक्सड्राइभ फोर्टीआई एक हप्ताभित्र विक्री भएको छ । नेपालमा बीएमडब्ल्यू अटोमोबाइल्सको एक मात्र आधिकारिक आयातकर्ता र डिलर लक्ष्मी प्रिमियम मोटर्सले ७ करोड रुपैयाँ पर्ने उक्त गाडी ल्याएको एक हप्ताभित्र विक्री गरेको हो । कम्पनीका अनुसार यो मोडल कात्तिक २९ गते नेपालमा आयात गरिएको थियो । अत्याधुनिक प्रविधि, उत्कृष्ट डिजाइन, मजबूती, सुरक्षा, शक्ति र विलासी सुविधाले सुसज्जित यो गाडी नेपालमा अहिलेसम्म भित्रिएको महँगो लक्जरी गाडी भएको कम्पनीको दाबी छ । कम्पनीका अनुसार बीएमडब्ल्यू एक्ससेभेन एक्सड्राइभ फोर्टीआईको छोटो समयमा भएको सफल विक्रीले नेपालमा प्रिमियम गाडीहरूको बजारमा नयाँ मापदण्ड स्थापना गरेको छ । यो उपलब्धिले नेपाली बजारमा लक्जरी गाडीहरूको बढ्दो प्रभावलाई थप सशक्त बनाएको कम्पनीले बताएको छ ।



# सामसङका नयाँ टिभीमा छूट अफर



काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको लाइभ म्याच फोरके टेलिभिजनमा हेर्न सामसङले नयाँ अफर ल्याएको छ । दर्शकलाई ठूलो स्क्रिनमा उत्कृष्ट गुणस्तरको अनुभव दिलाउन आफ्ना नवीनतम टिभीमा छूट अफर ल्याएको सामसङ नेपालले बताएको छ । नयाँ शृंखलाका टिभीमा ३१ प्रतिशतसम्म छूट अफर ल्याएको कम्पनीले बताएको छ ।

यस अफरमा क्युएलईडी टिभी, क्रिस्टल युएचडी फोरके टिभीहरू र एफएचडी टिभीको इमर्सिभ रेन्ज पनि समावेश गरिएको छ । ग्राहकले १२ महीनाको अवधिका लागि शून्य प्रतिशत ब्याजदरमा आफूलाई मन परेका टिभी लिन सक्नेछन् । सजिलो ईएमआईमा प्राप्त गर्न यो अफरमा सामसङको इन्स्टा-फाइनान्स सेवा समावेश रहेको बताइएको छ । यो सेवा ग्राहकले आफ्नो नागरिकताका साथ सामसङको आधिकारिक स्टोरबाट प्राप्त गर्न सक्ने जानकारी कम्पनीले दिएको छ ।

एक्सचेन्ज पार्टनर आर्कोस्टोरमार्फत ग्राहकले आफ्नो पुरानो इलेक्ट्रोनिक उपकरण एक्सचेन्ज गरी नयाँ टिभी खरीद गर्ने सेवा पनि सामसङले उपलब्ध गराएको छ । आगामी पुस १६ सम्म मान्य हुने यो अफर सामसङको आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स प्राइभेट लिमिटेड र आधिकारिक पुनर्विक्रेता त्रिवेणी व्यापार प्राइभेट लिमिटेडका डिलर नेटवर्कमार्फत नेपालभर उपलब्ध गराइएको कम्पनीले बताएको छ ।

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

**कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०८/२१**

यस फाइनान्सको शाखा कार्यालय न्युरोड काठमाण्डौबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७६/०६/०८ मा दर्ता नं. २२५६६९/०७६/०७७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, कालिमाटी, काठमाण्डौ बाट स्थायी लेखा नं. ६०९६३४२२६ को प्रमाणपत्र प्राप्त **रोड साईड कार डेकोर प्रा.लि.।**
सञ्चालक : सुनिल दवाडी
ठेगाना : का.म.पा. वडा.नं. १४, कलंकी, काठमाण्डौं ।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : सुनिल दवाडी**<br>बाबु : सुदर्शन प्रसाद दवाडी<br>बाजे : भरत प्रसाद दवाडी<br>ना.प्र.नं. : ८७२६/१२५२८, जि.प्र.का. काठमाण्डौं ।<br>मिति : २०५५।०१।३०,<br>ठेगाना : का.म.पा. वडा.नं. १४, कलंकी, काठमाण्डौं । | **नाम : सुदर्शन प्रसाद दवाडी**<br>बाबु : भरत प्रसाद दवाडी<br>बाजे : सुर्य नाथ दवाडी<br>ना.प्र.नं. : २७३३५/७७३३/३१८६, जि.प्र.का. काठमाण्डौं ।<br>मिति : २०३३/०३/१७,<br>ठेगाना : का.म.पा. वडा.नं. ०७, नैकाप, काठमाण्डौं ।<br>हाल : का.म.पा. वडा.नं. १४, कलंकी, काठमाण्डौं । |
| **नाम : शोभा दवाडी**<br>बाबु : नित्यनाथ अधिकारी<br>पति : सुदर्शन प्रसाद दवाडी<br>ससुरा : भरत प्रसाद दवाडी<br>ना.प्र.नं. : १४११८, जि.प्र.का. काठमाण्डौं ।<br>मिति : २०५०/०६/१७,<br>ठेगाना : का.म.पा. वडा.नं. १४, कलंकी, काठमाण्डौं । | **धितो सुरक्षणको विवरण**<br>मालपोत कार्यालय, चितवनमा सुनिल दवाडीको नाममा दर्ता कायम रहेको चितवन जिल्ला पंचकन्या वडा नं. २, स्थित कित्ता नं. ६२०, १०६१ र ११२१ क्षेत्रफल क्रमश ६७७.२६ ब.मि, ८४६.५६ ब.मि र १३९.६७ ब.मि को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...। |

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८१/०९/०५ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८१/०५/०८ गते दिनको ३:०० बजे फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौंमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।

(४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको शाखा कार्यालय न्युरोड काठमाण्डौंमा सम्पर्क राख्न सक्नु हुनेछ ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np

www.icfc.com.np

**ऋद्धि सिद्धि बहुउद्धेश्यीय सहकारी संस्था लि.**

थहिटी वडा नं. - १७ काठमाण्डौ फोन : ०१-५३४४७७१, ५३४४७७२

**यस संस्थाको ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१/८/२१ गते

यस ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. थहिटी काठमाण्डौंबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यापार व्यवसाय संचालन गर्न लिनु भएको ऋण कर्जाको यस संस्था सँग सम्झौता बमोजिम सो ऋण कर्जाको भाखा नाघेकोहरु र समयसमयमा बुझाउनु पर्ने किस्ताहरु साथै हाल सम्म पनि सांवा व्याज हर्जाना व्याज दै दस्तुर तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक र टेलिफोन वार्ता गरी तरताकेता गर्दा तथा ऋण चुक्ता भुक्तान गर्न समय दिइएकोमा सो समय भित्र संस्थामा संम्पर्क गरी ऋण चुक्ता गर्न ऋणीहरुलाई अनुरोध गरीएकोमा हाल सम्म पनि संस्थावाट दिएको समय भित्र कुनै पनि सांवा व्याज बुझाउन आउनु नभएको हुनाले यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यस सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालयमा सम्पर्क राखि सहकारी संस्थाको सम्पूर्ण लेना रकम फछ्यौट गर्न सूचित गरिन्छ अन्यथा सो समयावधी पछी लिलाम प्रक्रियाका लागी सहकारी संस्थाका नाममा धितो सुरक्षण लेखिदिइएको तपसिल बमोजिमका जग्गा, सहकारी ऐन २०७४ र नियमावली २०७५ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानून बमोजिम सहकारी संस्थाले सो जग्गा लिलाम बिकि वा टेन्डर गरी संस्थाले लेना रकम असुल उपर गरीने व्यहोरा पनि यसै सार्वजनिक सूचना बाट ऋणीहरुलाई जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीहरुको नाम र ठेगानाको विवरण |
|---|---|
| १) | **ऋणीको नाम** : कल्पना प्रधानाङ्ग, ठेगाना: का.जी. वडा २५ केल टोल, बाबु: कर्ण बहादुर श्रेष्ठ बाजे: सन्त बहादुर श्रेष्ठ, पति : जितेन्द्र बहादुर प्रधानाङ्ग ना.प्र.नं. : ३०२६/२४८२ काठमाडौं । |
| २) | **ऋणीको नाम** : जितेन्द्र बहादुर प्रधानाङ्ग, ठेगाना: का.जी.वडा, २५ केल टोल, बाबु: गोविन्द बहादुर प्रधानाङ्ग, बाजे: विर बहादुर प्रधानाङ्ग, पत्नी: कल्पना प्रधानाङ्ग, ना.प्र.नं. : ३५३९/२४७८ काठमाडौं । |
| ३) | **ऋणीको नाम** : जिव चन्द्र उप्रेती, ठेगाना: जि.काभ्रे फलाटे वडा ७, हाल: का.जि.वडा १३, कालिमाटी, बाबु: मित्र लाल उप्रेती, बाजे: अवि चन्द्र उप्रेती, ना.प्र.नं.: १२६५/१९३० काभ्रे २०४३/९/२६ । |
| ४) | **ऋणीको नाम** : आस कुमार बलामी, ठेगाना: का.जि. दक्षिणकाली वडा ५ हाल का.जि. वडा १३, बाबु: जय राम बलामी, बाजे: बल राम बलामी ना.प्र.नं. १११०८ |
| ५) | **ऋणीको नाम** : जयश्री महर्जन, ठेगाना: का.जी.का.म.न.पा.वडा २४, बाबु: दश नारायण महर्जन, बाजे: अष्ट नारायण महर्जन, ना.प्र.नं. ३४०५८, काठमाडौं । |

| क्र.सं. | व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण |
|---|---|
| १) | **नाम**: जितेन्द्र बहादुर प्रधानाङ्ग, ठेगाना : का.जी. वडा २५ केल टोल, बाबु: गोविन्द बहादुर प्रधानाङ्ग, बाजे : विर बहादुर प्रधानाङ्ग, ना.प्र.नं.: ३५३९/२४७८ काठमाडौं । |
| २) | **नाम**: सुरज ख्याउजु, ठेगाना : का.जी. वडा ३ रानीबारी टोल, बाबु: त्रिविक्रम ख्याउजु, बाजे : सुरेन्द्र बहादुर ख्याउजु, ना.प्र.नं.: १०९७ |
| ३) | **नाम**: श्रीकृष्ण देवकोटा ठेगाना: का.जि. दक्षिणकाली वडा ७ बाबु: बद्रि प्रसाद देवकोटा बाजे: तोयनाथ देवकोटा ना.प्र.न. २९४८/७२७५ |
| ४) | **नाम**: दश नारायण महर्जन, ठेगाना: का.जी.का.म.न.पा.वडा २४, बाबु: अष्ट नारायण महर्जन, बाजे: हर्स नारायण महर्जन, ना.प्र.नं. २९८१/३२०७, काठमाण्डौ । |

**सुरक्षण लेखिदिएको घर/जग्गा**

- ऋणी कल्पना प्रधानाङ्गको नाममा मा.पो.का ललितपुर लगनखेलमा दर्ता रहेका जिल्ला ललितपुर वडा ४ कि.नं १३३१ को क्षे.फ. ०-३-२-२ मा बनेको घर र सो घर जग्गाले चर्चेको लिगलगापात समेत ।
- ऋणी जिव चन्द्र उप्रेतीको नाममा मा.पो.का कलंकीमा दर्ता रहेका जिल्ला काठमाडौं मातातिर्थ वडा २ कि.नं ३४२ को क्षे.फ. १५८.९५ ब.मी. घर जग्गा र सो घर जग्गाले चर्चेको लिगलगापात समेत ।
- ऋणी आस कुमार बलामीको नाममा का.जि. मा.पो.का. कलंकीमा दर्ता रहेको का.जि.टल्कूढुडे चौर वडा ५ कि. नं. १७५ क्षे.फ. ०-४-३-२, का.जि.फर्पिङ्ग भिमसेनस्थान वडा ५ कि. नं. ७४८ र ७४६ क्षे.फ. ०-५-०-२ र ०-१०-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- ऋणी जयश्री महर्जनको नाममा का.जि. मा.पो.का. डिल्लीबजारमा दर्ता रहेको का.जि. का.म.न.पा. नगर वडा ४ कि.न. ३७० र ५१८ क्षे. फ. ७९.४९ र ११.९२ ब.मि. मा बनेको घर जग्गा र सो घर जग्गाले चर्चेको लिगलगापात समेत ।

**नेपाल हस्पिटालिटि एण्ड होटल लिमिटेडको**

**तेस्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१ मसिंर २१ गते)**

यस नेपाल हस्पिटालिटी एण्ड होटल लि. (दर्ता नं. २९३१९१/७८/७९)को मिति २०८१ साल मंसिर १६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको तेस्रो बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति : २०८१/०९/१७**
**स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।**
**समय : दिंउसो १२:३० बजे**

**कम्पनीको बार्षिक साधारण सभाको छलफलको बिषयसुची (एजेण्डा) :**

**क) साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ अषाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विविध:**

(संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्वारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्वारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।)

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

खर्च जोगाउन विज्ञापन रोक्नु भनेको समय बचाउन घडी बन्द गर्नुजस्तै हो ।

- हेन्री फोर्ड

सम्पादकीय

# जलविद्युत् बीमामा ट्यारिफ विवाद

बीमा कम्पनी र जलविद्युत् आयोजनाका प्रवर्द्धक कम्पनीका सञ्चालकहरूबीच जलविद्युत् आयोजनाहरूको बीमामा तोकिएको न्यूनतम बीमाशुल्क 'ट्यारिफ' हटाउने विषयमा सहमति भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । ४ महीनाअघि नै जलविद्युत् आयोजनाको बीमामा न्यूनतम बीमाशुल्क हटाई प्रतिस्पर्धात्मक ढंगले शुल्क कायम गर्ने सहमति भए पनि त्यसको कार्यान्वयनका लागि नियामक नेपाल बीमा प्राधिकरण र बीमक कम्पनीहरूले चासो नदिएको जलविद्युत् प्रवर्द्धक कम्पनीहरूले गुनासो गरिरहेका छन् । किन प्रतिस्पर्धामा बीमा प्रिमियम लागू गर्न नियामक र बीमकले चासो नदिएका हुन् त भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

बीमा भनेको जोखीमको हस्तान्तरण हो । जति बढी जोखिम हुन्छ त्यति नै बीमा शुल्क बढी तिर्नुपर्ने हुन्छ । बढी जोखिम भएका क्षेत्रमा कम प्रिमियम लिएर पूरा जोखिमको रक्षावरण नगर्ने गरी बीमा गर्ने अवस्था आउन सक्छ । यस्तो अस्वस्थ प्रतिस्पर्धा हुन नदिन र जोखिमबाट बीमक कम्पनीलाई जोगाउन प्राधिकरणले ट्यारिफ तोक्ने गर्छ । ट्यारिफ तोक्नुको उद्देश्य अस्वस्थ प्रतिस्पर्धा रोक्नु हो । डी–ट्यारिफ गर्ने हो भने अर्थात् प्रतिस्पर्धा गर्न छाडिदिने हो भने प्राधिकरणले रिस्क प्रोफाइल (जोखिमको विवरण) तयार पार्नुपर्छ । त्यो प्रोफाइलअनुसार फरक फरक प्रिमियम लिनुपर्छ । हो, प्राधिकरण राष्ट्र बैंकजस्तो नियमनका सानातिना कुरासमेत हेर्न सक्ने गरी सबल भइसकेको छैन । त्यसो हुँदा बीमकहरूबीचको अस्वस्थ प्रतिस्पर्धाले भोलि कम्पनी नै डुब्ने अवस्था आउन पनि सक्छ । त्यसलाई रोक्न ट्यारिफ तोक्नु परेको हुन सक्छ । यसमा प्राधिकरणले आफूले काम गर्न सक्दैन भने तेस्रो पक्षलाई काममा लगाउन पनि सक्छ । तर, बीमा गर्दा प्रिमियमका लागि नेगोसिएशनका लागि ठाउँ दिनुपर्छ ।

बीमा व्यवसायमा प्रतिस्पर्धा हुनुपर्छ । त्यो प्रतिस्पर्धा भनेको बीमा शुल्कमा हुने हो । त्यसैले त्यो प्रतिस्पर्धी प्रिमियममा बीमा गर्न पाउनुपर्छ भन्ने जलविद्युत् आयोजनाहरूको माग सिद्धान्ततः सही छ । त्यसैले ट्यारिफ हटाउनेतर्फ लाग्नुपर्छ भन्ने उसको

**सबै आयोजना एकै प्रकृतिको नहुने र जोखिमको स्तर पनि फरकफरक हुने भएकाले तथा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपले जलविद्युत् आयोजनाहरूमा जोखिम बढ्दै गएकाले एउटै शुल्क तोक्नुभन्दा जोखिमका आधारमा तय हुने व्यवस्था उपयुक्त देखिन्छ ।**

भनाइ सही पनि देखिन्छ । नेपालमा बीमाको व्यवसायमा अन्य व्यवसायमा जस्तै असल अभ्यासको कमी देखिन्छ । असल व्यावसायिक अभ्यास हुने हो भने ट्यारिफ तोके पनि नतोके पनि जोखिमको मात्राअनुसार बीमाको प्रिमियम फरक फरक हुन्छ नै । कुन आयोजनामा कतिको जोखिम छ भन्ने हेरेर बीमकले प्रिमियम तोक्न सक्छन् । ट्यारिफ तोके पनि जोखिमका तह अलगअलग हुनेबित्तिकै अलगअलग प्रिमियम निक्लिहाल्छ । यसो गर्न बीमक र नियामक दुवैले थप मेहनत गर्नुपर्ने र हरेक आयोजनाका लागि फरकफरक व्यवस्था गर्नुपर्ने हुन्छ । नेपालमा यसरी तहगत व्यवस्था गर्नुभन्दा एकढिक्का निर्णय गर्ने परिपाटी छ । कि त ट्यारिफ तोक्ने कि डी–ट्यारिफ गर्ने काम नियामकबाट हुन्छ । कुनै पनि कुरा कि त पूरै खुला गरिदिने कि त पूरै बन्द गरिदिने गर्न सजिलो हुन्छ । त्यसो हुँदा कर्मचारीहरू यस्तै बाटो रोज्छन् । ट्यारिफ तोक्नु पनि यस्तै हो भन्ने देखिन्छ ।

प्रतिस्पर्धाका कारण कम्पनी नै समस्यामा नपरोस् भनी न्यूनतम दरभन्दा नघट्ने गरी शुल्कमा प्रतिस्पर्धा गराइएको हो कि भन्ने देखिन्छ । केही जलविद्युत् कम्पनीमा जोखिम ज्यादै कम छ भने तिनले ट्यारिफ किन तिर्ने ? त्यसैले जोखीमको प्रोफाइल हेरेर बीमा शुल्क लिइनुपर्छ ।

पुनर्बीमा कम्पनीको दरका आधारमा बीमाशुल्क कायम गर्ने अनौपचारिक सहमति भएको प्राधिकरणको भनाइ छ । खासगमा गतवर्ष भारतको सिक्किममा जलविद्युत् आयोजनाको बाँध विस्फोट भएसँगै पुनर्बीमा कम्पनीहरूले नेपाललाई पनि त्यस्तै जोखिममा राखेर बीमाशुल्क बढाइरहेकाले ट्यारिफ तोक्नुपरेको प्राधिकरणको भनाइ छ । त्यसैले जलविद्युत् आयोजनाहरूको बीमाशुल्क निर्धारण गर्ने काम अप्ठ्यारो रहेको छ । सबै आयोजना एकै प्रकृतिको नहुने र जोखिमको स्तर पनि फरकफरक हुने भएकाले तथा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपले जलविद्युत् आयोजनाहरूमा जोखिम बढ्दै गएकाले एउटै शुल्क तोक्नुभन्दा जोखिमका आधारमा तय हुने व्यवस्था उपयुक्त देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## कृषि कर्जा ३० प्रतिशतले वृद्धि

गत आर्थिक वर्ष २०६८/६९ मा बैंक तथा वित्तीय संस्थाहरूले कृषिक्षेत्रमा रू. २९ अर्ब ४१ करोड कर्जा लगानी गरेका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा यो रकम ३२ दशमलव ४ प्रतिशतले बढी भएको नेपाल राष्ट्र बैंकले आइतवार सार्वजनिक गरेको वार्षिक प्रतिवेदन २०६८/६९ मा उल्लेख छ । अघिल्लो आव २०६७/६८ मा यस्तो कर्जा १९ दशमलव ९ प्रतिशतले बढेर रू. २२ अर्ब २१ करोड पुगेको थियो । बैंकले काठमाडौँ, विराटनगर, वीरगञ्ज, जनकपुर, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रका ४२ जिल्लाको स्थलगत अध्ययनका आधारमा सो प्रतिवेदन तयार गरेको हो ।

गत आवमा लगानी भएको कुल रकममध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य शीर्षकमा रू. १४ अर्ब ७५ करोड कर्जा प्रवाह भएको छ । त्यसैगरी सुर्ती बालीमा सबैभन्दा न्यून रू. १४ करोड ६९ लाख ऋण लगानी भएको तथ्यांकमा उल्लिखित छ । गत आवमा बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको ऋणमा वीरगञ्ज क्षेत्रको अंश सबैभन्दा बढी ३० प्रतिशत रहेको छ ।

वर्ष ८, अंक ७६, मंगलवार १९ मङ्सिर, २०६९

# नेपाल–चीन आर्थिक साझेदारीमा द्विविधा

## बीआरआई कार्यान्वयनमा आशंका यथावत्

प्रधानमन्त्री केपी शर्मा ओली ४ दिने चीन भ्रमण पूरा गरी स्वदेश फर्किनुभएसँगै छिमेक भ्रमणमा केकस्ता सम्झौता होलान् वा नहोलान् भन्ने द्विविधाको निकास भएको छ, तर तिनको कार्यान्वयनको सवाल अहिले पनि अनेक आशंकामा जेलिएकै छन् । भ्रमणका क्रममा संयुक्त वक्तव्य जारी भइसक्दा पनि अन्योलमा रहेको दुई देशबीचको बहुअपेक्षित बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौता हुने कि नहुने भन्नेमा व्यापक आशंका र अन्योल रहेकोमा अन्तिम समयमा बीआरआई कोअपरेशन फ्रेमवर्कमा हस्ताक्षर भएको छ । यसले बीआरआई कार्यान्वयनको बाटो खोले पनि त्यो कार्यान्वयनका मोडालिटी कस्तो हुने र अनुदान वा ऋण सहायता केमा हुनेजस्ता अन्योलहरूको समाधान भइसकेको छैन । हस्ताक्षरसँगै अब बीआरआई परियोजनाहरूको कार्यान्वयन कसरी अघि बढ्ने भन्नेमा सबैको ध्यान केन्द्रित भएको अवस्था छ ।

सत्ता साझेदार दल नेपाली कांग्रेसले बीआरआईका नाममा चिनियाँ ऋणको भारी बोक्न नहुने सुझावमात्र होइन, दबाबसमेत दिइरहेको अवस्थामा यो भ्रमणमा सम्झौता नै नहुने सम्भावना बढेको थियो । यसो त, भ्रमणका क्रममा हठात् तरीकाले भएको सम्झौता कार्यान्वयनमा अवरोध नआउलान् भन्ने आधार छैन । विगतमा अमेरिकी अनुदानमा सञ्चालन हुने भनिएको एमसीसी त करीब फिर्ता हुने स्थितिबाट जोगिएको थियो । भोलि बीआरआई संसद्मा पेश हुँदा त्यो राजनीतिक आग्रह र आधारमा हुने विरोधसँगै समर्थनको शिकार नहोला भन्न सकिने अवस्था छैन । यद्यपि, चिनियाँ सहायतामा सञ्चालन हुने भनिएको यो सम्झौता ऋण वा अनुदान के हो ? स्पष्ट छैन । सहायता भनेको ब्याजमा दिइने छूट वा सस्तो दरको ब्याज पनि सहयोग नै हुन सक्छ । यसअर्थ यो कार्यान्वयनको मोडालिटी केकस्तो हुने भन्ने विषय अबको मूल सरोकार हो । एमसीसीमा देखाएजस्तो राजनीतिक आग्रह र आस्थामा आधारित रमिता कम्तीमा बीआरआईमा देख्न परेन भने त्यो कूटनीतिक सफलता मान्न सकिन्छ ।

बीआरआईमार्फत हुने लगानी, यसको प्राविधिक, वातावरणीय तथा आर्थिक लाभको मूल्यांकन गरेरमात्रै लाभ र हानि विश्लेषण गरेपछिमात्रै कार्यान्वयनमा लैजानुपर्छ । आज आग्रह, आस्था र स्वार्थ मिल्यो भने सबै ठीक हुने, तर भोलि स्वार्थ बाझिनेबित्तिकै कुनै पनि सम्झौता राष्ट्रघाती देख्ने चस्मा शीघ्र फेर्नु आवश्यक छ । हामीले यी परियोजनाहरूबाट आर्थिक लाभ लिने तरिकाले सोच्नुपर्छ । योजना कुनै पनि खराब हुँदैनन्, तर तिनको उपयोगलाई हामीले आफ्नो आर्थिक हितमा कति र कसरी रूपान्तरण गर्न सक्छौं ? त्यो मुख्य कुरा हो ।

यसो त नेपालले सन् २०१७ मै चीनको बीआरआई परियोजना समझदारीमा हस्ताक्षर गरेको हो । अहिले बीआरआई फ्रेमवर्कमा हिल्सा-सिमिकोट सडक परियोजना, किमाथाङ्का-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग,



**चीनले आफ्नो विदेश नीतिको आधारका रूपमा अघि सारेको बीआरआईबारे नेपालमा तीव्र राजनीतिक ध्रुवीकरण र विवाद छ । तर, नेपालमा यो अवधारणाअन्तर्गतका पूर्वाधार परियोजना अघि बढ्न सकेको छैन ।**

- उमेशचन्द्र ठाकुर

डँडेलधुरास्थित अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, झापाको दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क, झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्सलगायतमा चिनियाँ सहयोगको समझदारी आएको छ । झापा र डँडेलधुरामा बनाउने भनिएका पूर्वाधार क्रमशः प्रधानमन्त्री केपी ओली र परराष्ट्रमन्त्री आरजु देउवाको व्यक्तिगत लोकप्रियतामुखी रुचि र प्रभावका आएको चर्चा छ । तर, जेजसरी आएको भए पनि यस्ता योजनाहरूको सान्दर्भिकता भने नभई हुँदैन । ती पूर्वाधारको परिचालनबाट अर्थतन्त्रका कस्तो खालको सकारात्मक प्रभाव पर्ने हो ? यसमा स्पष्ट योजना नभई हुँदैन । कुनै पनि योजनाको आर्थिक सम्भाव्यता मुख्य कुरा हो । ती योजनाबाट स्थानीयको आर्थिक स्तरमा सकारात्मक प्रभाव पर्छ कि पर्दैन ? योजनाको व्यावसायिक सम्भाव्यता कत्तिको छ ? व्यावसायिक सम्भाव्यता नभएका योजना ब्याज र ऋणको भारीमात्रै हुन् भन्ने कुराको भेउ पाउन अब पोखरा र भैरहवा विमानस्थलको स्थिति हेर्दा हुन्छ । अतः यस्ता योजनाको कार्यान्वयनमा नेताको रहर र लहडभन्दा पनि व्यावसायिक सम्भाव्यता मूल कुरा हो ।

चीनले आफ्नो विदेश नीतिको आधारका रूपमा अघि सारेको बीआरआईबारे नेपालमा तीव्र राजनीतिक ध्रुवीकरण र विवाद छ । नेपालले सन् २०१७ मै बीआरआई फ्रेमवर्क अग्रिमेन्टमा हस्ताक्षर गरेको थियो । तर, यो अवधारणाअन्तर्गतका पूर्वाधार परियोजना अघि बढ्न नसकेको अवस्थामा अहिले पुनः सम्झौता भएको छ । विगतमा यो सम्झौतालाई चाँडै अन्तिम रूप दिएर कार्यान्वयनमा लैजाने भनिए पनि प्रगति देखिएको थिएन । यसो त अहिले सम्झौतामा हस्ताक्षर हुनु नै उपलब्धिको कुरा भने होइन । चीनले बारम्बार यसको कार्यान्वयनका बारेमा चासो दिएको सन्दर्भमा प्रधानमन्त्री ओलीको तेस्रो चीन भ्रमणको बेलामा यसमा पुनः हस्ताक्षर हुनु औपचारिकताको पुनरावृत्तिमात्रै हो कि कार्यान्वयनको तत्परता पनि हो भन्नेमा आशंका स्वाभाविक छ ।

अहिले पनि सत्तामा सहयात्रा गरिराखेका नेकपा एमाले र नेपाली कांग्रेसको बीचमा यसको कार्यान्वयन ढाँचामा उच्च मतभेद देखिएको छ । यो अन्तरविरोध सतहमै प्रकट हुँदा बीआरआई कार्यान्वयन हुने कि नहुने भन्ने विषय अन्योल मुक्त रहँदैन । यसो त, यो परियोजनाको आवश्यकता छ कि छैन ? ऋणमा बनाउने कि अनुदानमा बनाइमाग्नेजस्ता सरोकार यथार्थ आवश्यकता र ऋण तिर्ने क्षमताभन्दा पनि आग्रहका आधारमा बढी परिचालित भएको भान हुन्छ । नेपाली कांग्रेस अनुदानमा आधारित बीआरआईको पक्षमा उभिएको छ भने एमाले नेता सहुलियतपूर्ण ऋणमा स्वीकार गर्ने पक्षमा देखिएका छन् । हुन त विश्व बैंक, एशियाली विकास बैंकलगायतका विकास साझेदारहरूको जस्तै सहुलियत ब्याजमा आयोजना अगाडि बढाउन नसकिने होइन, यसका लागि फेरि पनि ती परियोजनाको व्यावसायिक सम्भाव्यताको ओज कति छ भन्ने कुरा नै मूल विषय हुन आउँछ । व्यावसायिक सम्भाव्यता नभएका योजनाले ऋण चुक्ता गर्ने सामर्थ्य राख्दैनन् । यसले ऋणको भारी बोकाउनेमात्रै हो । अतः चर्चामा रहेको ऋणको पासोमा पर्ने कि नपर्ने भन्ने कुरा आफ्नै बुद्धिविवेक र स्रोत उपयोगको क्षमतामा निर्भर हुने कुरा पनि हो ।

**अहिलेको भ्रमणमा पुराना समझदारी र सम्झौताहरूको कार्यान्वयनबारे समीक्षा हुने भनिए पनि ती विषयले खासै प्रवेश नै पाएनन् । पुराना सम्झौतामा कुरै नहुने र नयाँ करीब दुई दर्जनजति नयाँ सम्झौताको फेहरिस्त आउँदा तिनको कार्यान्वयनमा स्वाभाविक रूपमा आशंका उब्जिएको छ ।**

बीआरआईका अलावा प्रधानमन्त्री ओली चीन भ्रमणका रहेका बेला प्रधानमन्त्री विभिन्न नौओटा समझदारीपत्रमा हस्ताक्षर भएका छन् । आर्थिक तथा प्राविधिक सहकार्यसम्बन्धी सम्झौतामा टोखा-छहरे सुरुङका लागि लेटर अफ एक्सचेन्ज, व्यापार प्रवर्द्धन सहकार्यसम्बन्धी समझदारीपत्र, नेपालबाट चीन निर्यातका लागि राँगाभैंसीको मासुको थर्मल प्रशोधनका लागि प्रोटोकल सम्झौता, विकास योजनाबारे समझदारीपत्र, रकम सहयोगसम्बन्धी लेटर अफ एक्सचेन्ज, वसन्तपुरस्थिति नौतले दरबारको पुनर्निर्माण सम्पन्न भएको प्रमाणपत्र हस्तान्तरण, स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारीपत्र, सार्वजनिक प्रसारक नेपाल टेलिभिजन र चाइनिज मिडिया ग्रूपबीच समझदारीपत्र भएका समाचार सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

प्रधानमन्त्री ओली पहिलोपटक विसं २०७२ सालमा प्रधानमन्त्रीका रूपमा चीन भ्रमणमा जानुभएको थियो । भारतले नेपालमा लगाएको नाकाबन्दीपछि भएको त्यो भ्रमणको समयमा व्यापार तथा पारवहन सन्धि भएको थियो । त्यसबेला चीनका व्यापारिक मार्गको उपयोगदेखि चिनियाँ बन्दरगाह प्रयोगको बाटो खोले पनि त्यसमा उल्लेख्य काम अघि बढेको छैन । भारतीय नाकाबन्दीका कारण जनजीवन सकसमा परेलगत्तै भएका ती सम्झौताको जनस्तरमा निकै वाहवाही भए पनि उपलब्धिका सवालमा कुनै भरपर्दो काम भने देखिएको छैन । ती सम्झौताले व्यापार गन्तव्यहरूको विविधीकरण हुन गई भारतमाथिको निर्भरता कम हुने अपेक्षा गरिएको थियो । तर, त्यसमा अहिलेसम्म भरपर्दो आधार भने देखापरेको छैन । चीनसँग भएका व्यापारिक उद्देश्यका सम्झौताहरूको कार्यान्वयनमा कुनै गतिविधि देखिएका छैनन् ।

प्रधानमन्त्रीको भ्रमणको तयारीकै क्रममा चीन पुगेर फर्किने क्रममा परराष्ट्रमन्त्री आरजु देउवाले चीनले पहिलेका दुई पक्षीय समझदारीका आयोजनालाई कार्यान्वयनमा लैजानेबारे प्राथमिकतामा साथ छलफल हुने बताए पनि त्यसमा कुनै आशलाग्दो काम देखिएन । हिल्सा-सिमकोट, टोखा-छहरे सुरुङमार्गजस्ता योजनाका समझदारीका कुरा आए पनि ५ वर्षअघि चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा भएको सहमतिअनुसार काठमाडौं-केरुङ रेलमार्गलाई गति दिनेबारे खासै समीक्षा भएन । यो योजना अहिलेसम्म सम्भाव्यता अध्ययनको प्रक्रियाबाट अघि बढ्न सकेको छैन । सन् २०२२ को मार्चमा चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका बेला पनि यो परियोजनाको सम्भाव्यता अध्ययनलाई अघि बढाउने समझदारीपत्रमा हस्ताक्षर भएको थियो । यो बहुअपेक्षित रेलमार्ग निर्माणका लागि २ खर्ब ७२ अर्ब रुपैयाँ लाग्न सक्ने सम्भाव्यता अध्ययनले देखाएको छ । अहिलेको भ्रमणमा पुराना समझदारी र सम्झौताहरूको कार्यान्वयनबारे समीक्षा हुने भनिए पनि ती विषयले खासै प्रवेश नै पाएनन् । पुराना सम्झौतामा कुरै नहुने र नयाँ करीब दुई दर्जनजति नयाँ सम्झौताको फेहरिस्त आउँदा तिनको कार्यान्वयनमा स्वाभाविक रूपमा आशंका उब्जिएको छ ।

*लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

# श्रमिकको स्वास्थ्य अधिकार

अन्तरराष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर झन्डै १० लाख श्रमिक व्यवसायजन्य दुर्घटनामा पर्ने र प्रत्येक वर्ष नेपालमा लगभग २ सय श्रमिकले कार्यस्थलमा ज्यान गुमाउने गरेका छन् । संगठनका अनुसार श्रमिकले आफ्नो जीवनको एक तिहाइ समय कार्यस्थलमा बिताउने गरेका छन् । कामको सिलसिलामा लामो समय कार्यस्थलमा बिताउने भएकाले काम गर्ने वातावरण स्वस्थ र सुरक्षित हुनुपर्छ । श्रमिकको स्वास्थ्य रक्षा र व्यवसायजन्य सुरक्षाका लागि रोजगारदाताले कार्यस्थलको वातावरण यान्त्रिक, रासायनिक, भौतिक विभिन्न रूपबाट सुरक्षित बनाउनुपर्छ । त्यसैले श्रमिकको स्वास्थ्य रक्षाको विषयलाई मानवअधिकारका रूपमा लिने गरिएको छ । यति हुँदाहुँदै पनि कतिपय औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमा काम गरेका श्रमिक असुरक्षित कार्यस्थल तथा अस्वस्थ र प्रदूषित वातावरणका कारण बिरामी भई दीर्घरोगको शिकार हुने, अंगभंग हुने भई रोजगारी नै छाडी बस्नु परेको अवस्था समुदायमा उल्लेख्य मात्रामा देखिने गरेको छ । नेपालका अधिकांश उद्योग परम्परागत प्रविधिमा आधारित हुने, उद्योगबाट निस्कने धूँवा, धूलो, ध्वनि, रासायनिक पदार्थको सही तरीकाले विसर्जन नहुँदा कार्यस्थलमा जोखिम बढ्ने गरेको छ । रोजगारी गुम्ने डरले जोखिम मोलेरै भए पनि अधिकांश श्रमिक काममा निरन्तर लाग्नुपर्ने बाध्यता रहेको जिफन्टले सन् २०११ मा गरेको श्रमिकहरूको व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी एक अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

औद्योगिक प्रतिष्ठानको सञ्चालन हुन पूँजी मात्र भएर पुग्दैन । सफलतापूर्वक काम सम्पन्न हुन स्वस्थ श्रमिकको पनि आवश्यकता पर्छ । कुनै पनि प्रतिष्ठानमा काम गर्ने श्रमिक स्वस्थ र निरोगी भएमा मात्र उद्योग, व्यवसाय, प्रतिष्ठानको काम व्यवस्थित ढंगले सञ्चालन हुन मद्दत पुग्छ । कामको सिलसिलामा प्रतिष्ठानमा काम गर्ने कुनै पनि श्रमिकलाई घाउ, चोटपटक लाग्न र कुनै कारणवश आकस्मिक रूपमा दुर्घटनामा पर्न सक्छ । कार्यस्थलभित्र हुने वातावरण, काम गर्ने व्यक्तिको क्षमता, कामको प्रकृति, मेशिन वा औजारको भौतिक अवस्था जस्ता कारणले गर्दा दुर्घटनाको अवस्था आउन सक्छ । दुर्घटनामा परेको श्रमिकलाई स्वास्थ्य संस्था वा अस्पताल पुर्‍याउनु अघि तुरुन्तै सही प्राथमिक उपचार दिन सकियो भने शारीरिक जोखिम तथा मानसिक, आर्थिक, सामाजिक क्षतिलाई कम गर्न सकिन्छ र मृत्युबाट समेत जोगाउन सकिन्छ । घाइतेको स्वास्थ्य अवस्था बिग्रिन नदिन र संक्रमणको जोखिमबाट बचाउन समेत प्राथमिक उपचारको आवश्यकता पर्ने हुन्छ । यसको उचित व्यवस्था रोजगारदाताले कार्यस्थलभित्र



**सबै रोजगारदाताले कार्यस्थलभित्र श्रमिकहरूले सुरक्षित भएर काम गर्ने वातावरण बनाउन सक्नुपर्छ । श्रमिकहरूको स्वास्थ्य रक्षा र जीवन सुरक्षाको अनिवार्य व्यवस्था प्रत्येक प्रतिष्ठानभित्र अनिवार्य रूपमा गरिनुपर्छ ।**

- राजाराम श्रेष्ठ

मिलाउनुपर्छ । त्यसैले भनिन्छ- सुरक्षित कार्यस्थल तथा श्रमिकको स्वास्थ्य रक्षा नै दिगो औद्योगिक विकासको आधारस्तम्भ हो ।

श्रमिकहरूले कार्यस्थलमा सुरक्षित भएर काम गर्ने वातावरणको सुनिश्चितता हुनु नितान्त आवश्यक छ । नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान बनाई कानूनको समान संरक्षणबाट वञ्चित नहुने गरी समानताको हक प्रदान गरेको छ । त्यस्तै धारा ३४ अनुसार प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास तथा उचित सुविधाको हक रहने गरी मौलिक हक प्रदान गरेको छ । श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्दै असल श्रम सम्बन्धको विकास गर्न श्रम ऐन, २०७४ र नियमावली, २०७५ जारी भएको छ । श्रमसम्बन्धी मौलिक हकको त्यस्तै संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने गरी मौलिक हक प्रदान गरेको छ । संविधानले प्रदान गरेको मौलिक हकको कार्यान्वयन गर्न र स्वास्थ्य सेवामा नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चितता गरेको छ । जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षाको लागि सम्बद्ध रोजगारदाताले प्रचलित कानूनबमोजिमका सुरक्षाका उपायहरू अवलम्बन गर्नुपर्ने गरी सोही ऐनको दफा ४४ मा उल्लेख गरेको छ । संविधान, श्रम ऐन, नियम तथा जनस्वास्थ्य ऐनले श्रमिकको स्वास्थ्य रक्षाको विषयलाई मानवअधिकारका रूपमा मान्यता दिएको छ । श्रमिक कार्यस्थलमा दुर्घटना हुँदा स्वास्थ्योपचार एवम् क्षतिपूर्ति पाउने कुरालाई अन्तरराष्ट्रिय श्रम संगठनले समेत मान्यता प्रदान गरेको छ । त्यसैले कार्यस्थलमा कामको सिलसिलामा दुर्घटना भई घाउ, चोटपटक लागेमा, अकस्मात् बिरामी परेमा समेत प्राथमिक स्वास्थ्य उपचार पाउनु श्रमिकहरूको अधिकार हो ।

श्रमिकले कार्यस्थलमा काम गरेबापत केही सुविधा प्राप्त गर्ने हैसियत श्रमसम्बन्धी नेपाल कानूनले प्रदान गरेको छ । श्रम ऐन, नियमले श्रमिकको स्वास्थ्य रक्षाका लागि औषधोपचार बीमा, दुर्घटना बीमा, प्राथमिक स्वास्थ्योपचारको अनिवार्य व्यवस्था गरेको छ । बीमा शुल्क रोजगारदाता र श्रमिकले आधाआधा ब्यहोर्ने गरी रोजगारदाताले प्रत्येक श्रमिकको कम्तीमा वार्षिक १ लाख रुपैयाँ बराबरको औषधि उपचार बीमा गराउनुपर्छ । त्यस्तै रोजगारदाताले प्रत्येक श्रमिकको यान्त्रिक, रासायनिक, विद्युतीय, आगोबाट हुने दुर्घटनालाई समेट्ने गरी कम्तीमा ७ लाख रुपैयाँ बरारबको दुर्घटना बीमा गराउनुपर्छ । बीमाको सम्पूर्ण प्रिमियम रकम रोजगारदाताले बेहोर्नुपर्छ । यसले श्रमिकको स्वास्थ्यमाथि हुने जोखिमलाई कम गर्न मद्दत पुग्छ ।

**श्रम ऐन, नियमले श्रमिकको स्वास्थ्य रक्षाका लागि औषधोपचार बीमा, दुर्घटना बीमा, प्राथमिक स्वास्थ्योपचारको अनिवार्य व्यवस्था गरेको छ ।**

श्रम ऐन २०७४ को परिच्छेद १३ मा विशेष प्रकृतिको उद्योग तथा सेवाको प्रकृतिको श्रमिकको रूपमा निर्माण, यातायात, पर्यटन र चिया बगानका श्रमिकका बारेमा उल्लेख गरी प्राथमिक स्वास्थ्योपचारको व्यवस्था गर्ने दायित्व रोजगारदाताको हुने गरी तोकेको छ । चिया बगानका श्रमिक र निजका आश्रित परिवारको सदस्यलाई सानातिना चोटपटकको निःशुल्क प्राथमिक उपचार गर्ने र त्यसका लागि तालिमप्राप्त व्यक्तिसहित स्वास्थ्योपचार सामग्रीको प्रबन्ध गर्ने, यातायात श्रमिकका लागि सवारीसाधनमा प्राथमिक उपचारका आवश्यक औषधि र स्वास्थ्योपचार सामग्री राख्नुपर्ने, पर्यटनसँग सम्बद्ध श्रमिकलाई कार्यस्थलमा पठाउँदा पर्याप्त मात्रामा प्राथमिक उपचारका औषधि र स्वास्थ्योपचारका सामग्रीहरू उपलब्ध गराउने दायित्व रोजगारदाताको हुने गरी कानूनी व्यवस्था गरेको छ । त्यसैगरी श्रम नियमावली, २०७५ मा निर्माण कार्यस्थलमा कामको सिलसिलामा श्रमिकलाई कुनै चोटपटक लागेमा तत्काल प्राथमिक उपचार गर्न सकिने व्यवस्था मिलाउने दायित्व रोजगारदाताको हुने गरी उल्लेख छ । तर, श्रम ऐन, नियमले नै विशेष प्रकृतिको उद्योग वा सेवामा काम गर्ने श्रमिकहरूका लागि प्राथमिक स्वास्थ्योपचारको अनिवार्य व्यवस्था गर्दागर्दै पनि उनीहरूले यस किसिमको सुविधाको अधिकारको पूर्ण रूपमा प्रयोग गर्न नपाएको स्थिति छ । श्रम ऐनअनुसार श्रमिकलाई काममा लगाउने व्यक्ति वा प्रतिष्ठान र प्रतिष्ठानको व्यवस्थापक र श्रमिक आपूर्तिकर्तासमेत सबै रोजगारदाता हुँदा श्रम ऐन, नियमावलीको यो व्यवस्था विशेष प्रकृतिको उद्योग वा सेवामा कार्यरत श्रमिकको स्वास्थ्य रक्षाका लागि अक्षरशः कार्यान्वयन हुनु अति आवश्यक छ । यससम्बन्धी प्रचलित कानून कार्यान्वयन गराउने र रोजगारदातालाई आफ्नो जिम्मेवारी बोध गराउने दायित्व सरोकारवाला श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको रहेको देखिन्छ ।

प्रतिष्ठानमा कार्यरत कुनै श्रमिकलाई कामको सिलसिलामा कुनै दुर्घटना भई चोटपटक लागेमा तत्काल उपचार गर्न रोजगारदाताले कार्यस्थल परिसरभित्र आवश्यक उपचारका सामग्रीसहितको प्राथमिक उपचारको व्यवस्था मिलाउनुपर्ने श्रम नियमावली, २०७५ नियम ४९(१) मा उल्लेख छ । नियमावलीको यो व्यवस्था ऐनको दफा २ को परिभाषाभित्र पर्ने मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा संघ वा अन्य संस्था सबैले श्रमिकको स्वास्थ्य रक्षाको कार्यलाई सर्वोपरि ठान्दै व्यवहारमा कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ । सम्भवतः देशभरका सबैजसो प्रतिष्ठानले यो कानूनी व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको छैन । श्रमिकको स्वास्थ्यप्रति प्रतिष्ठानहरू सचेत भई लाग्न सकेको पाइएको छैन । श्रमिकको सामाजिक सुरक्षा र स्वास्थ्य रक्षासँग जोडिएको प्राथमिक स्वास्थ्योपचारको मौलिक तथा कानूनी हकलाई रोजगारदाताले बेवास्ता गरिदिँदा श्रमिकको स्वास्थ्य खतरामा पर्ने देखिएको छ । त्यसैले सबै रोजगारदाताले कार्यस्थलभित्र श्रमिकले सुरक्षित भएर काम गर्ने वातावरण बनाउन सक्नुपर्छ । श्रमिकको स्वास्थ्य रक्षा र जीवन सुरक्षाको अनिवार्य व्यवस्था प्रत्येक प्रतिष्ठानभित्र अनिवार्य रूपमा गरिनुपर्छ ।

*लेखक अधिवक्ता हुन् ।*

# रामेछापको सुन्तलाले बजार पाएन

मन्थली (रामेछाप) । उत्पादित सुन्तलाले बजार नपाउँदा किसान सस्तो मूल्यमा विक्री गर्न बाध्य छन् । जिल्लाको मन्थली नगरपालिका-१४, फुलासीमा व्यावसायिक रूपमा करीब १ हजार ८०० रोपनी क्षेत्रफलमा लगाइएको सुन्तलाले बजार पाउन नसकेको स्थानीय सुन्तला कृषक तुलबहादुर तामाङले बताए ।

आफूले करीब ५० रोपनी जग्गामा लगाएको सुन्तला गत वर्षदेखि राम्रो उत्पादन हुन थाले पनि बजारको सुविधा नभएकाले सस्तोमा विक्री गर्नुपरेको उनले बताए ।

अर्का कृषक भरत वाइबा पनि आफूले २ हजार बोट सुन्तला लगाएर उत्पादन गरिरहेको तर बजार नपाएकाले समस्या भएको बताउँछन् । 'विगत वर्षमा बगैंचाबाटै प्रतिकिलो सय रुपैयाँमा विक्री हुन्थ्यो, यस वर्ष भने प्रतिकिलो ७५/८० रुपैयाँ मै दिनुपर्ने बाध्यता छ । के गर्नु उत्पादन गरे पनि बजार नभएपछि ?'

फुलासीमा अहिले प्रायः घरैपिच्छे सुन्तला बगैंचा छन् । यहाँ कसैले व्यावसायिक रूपमा त कसैले घरायसी उपभोगका लागि सुन्तला रोपेका छन् । यहाँ पुग्ने जो कोहीलाई पहेँलपुर सुन्तलाले लोभ्याउँछ ।

यस वर्ष उक्त वडाबाट करीब २ करोड रुपैयाँको सुन्तला विक्री गर्ने लक्ष्य भए पनि मूल्य निर्धारण र बजार नहुँदा आफूहरू मारमा परेको कृषक वाइबाले गुनासो गरे ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले यस पालिकामा रहेका सुन्तला व्यवसायीलाई रोग तथा किटाणुनाशक औषधि र भिटामिन छर्न ५० प्रतिशत अनुदान दिएको थियो । बजारीकरणका लागि भने स्थानीय तह र अन्य निकायबाट पनि सहयोग नपाइएको स्थानीय कृषकको गुनासो छ । 'हामीले वर्षभरि मेहनत गरेर उत्पादन गर्छौं, त्यसको प्रतिफल पनि राम्रै छ तर बजार नभएकाले लागतअनुसार मूल्य पाएनौं । यसरी त सधैं व्यवसाय हुँदैन । त्यसैले सरकारले नै हामीलाई सहयोग गर्नुपर्छ,' स्थानीय किसानको भनाइ छ । *रासस*

# पर्यटकीय गन्तव्य बन्दै अरुण डाँडा




भोजपुर । पौवादुङमा गाउँपालिकास्थित अरुण डाँडा (छिन्तालुङ) पर्यटकको रोजाइमा परेको छ । गाउँपालिकाले विभिन्न संरचना निर्माण गरेसँगै पर्यटकीय क्षेत्रका रूपमा स्थापित भएको हो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ असाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) बिशेष प्रस्तावः** १. संचालक ज्यूको नियुक्ति गर्ने र संचालक लगत अद्यावधिक गर्ने बारे ।

**ग) विविधः**
(संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्वारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।)

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## सेन्चुरी इनर्जीले प्रिमियम मूल्यमा आईपीओ जारी गर्न बोर्डमा दियो निवेदन

काठमाडौं (अस) । सेन्चुरी इनर्जी लिमिटेडले सर्वसाधारणका लागि प्रिमियम मूल्य समेत जोडेर आईपीओ निष्कासन गर्ने भएको छ । कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा प्रिमियम बापत १७५ रुपैयाँ ११ पैसा थप गरी प्रतिकित्ता २७५ रुपैयाँ ११ पैसाका दरले ३ लाख कित्ता आईपीओ विक्री गर्न लागेको हो ।

कम्पनीले उक्त मूल्यमा ८ करोड २५ लाख ३३ हजार रुपैयाँ बराबरको आईपीओ विक्री गर्न मङ्सिर १४ गते बोर्डमा निवेदन दिएको हो ।

आयोजना प्रभावित स्थानीय र सर्वसाधारणमा उल्लिखित मूल्यमा आईपीओ जारी गर्ने जानकारी कम्पनीले दिएको छ । यो आईपीओ विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ ।

## बलेफी हाईड्रोपावर लिमिटेड
## BALEPHI HYDROPOWER LIMITED

BALEPHI HYDROPOWER LTD.

रजिष्ट्रर्ड कार्यालयः का.जि., का.म.न.पा. वडा नं. १
फोन नं.: +९७७-१-५९२१९१२, फ्याक्स नं.: ०१-५९०५००४
इमेलः info.balephi@gmail.com वेभसाईटः www.balephihydro.com

### हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला !!!

बलेफी हाईड्रोपावर लिमिटेडको रु.१००/- अंकित दरका १,८२,७९,७०० कित्ता शेयरहरुको हकप्रद निष्काशन गर्नका लागि कम्पनीले शेयर दाखिल खारेज बन्द गरिएको मिति २०८१/०७/२१ भन्दा अघिल्लो दिनसम्म शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुलाई १ : १ (अर्थात् आफ्नो नाममा कायम एक कित्ता शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा **यही मिति २०८१/०८/२७ देखि** निष्काशन तथा बिक्री खुल्ला गरिने भएको हुँदा सम्बन्धित सबै शेयरधनीहरुको जानकारीको लागि अनुरोध गर्दछौं ।

अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०८/१८ गतेको **"कारोबार"** दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गर्दछौं ।

**शेयर निष्काशन बन्द हुने मिति : २०८१ पौष १७ गते (बैंकिङ्ग समय पश्चात्)**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com

## स्टार माइक्रो इन्स्योरेन्सले आईपीओ निष्कासन गर्न सेबोनमा निवेदन

काठमाडौं (अस) । स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आईपीओ निष्कासन गर्नका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएको छ । कम्पनीले २२ लाख ५० हजार कित्ता आईपीओ निष्कासन गर्नका लागि सेबोनमा निवेदन दिएको हो । आईपीओ विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ । सेबोनबाट स्वीकृति पाएपछि मात्रै कम्पनीले आईपीओ निष्कासन गर्नेछ ।

# नेप्सेसँगै घट्यो कारोबार रकम

**अभियान संवाददाता**

काठमाडौं

साताको अन्तिम कारोबार दिन बिहीवार नेप्से परिसूचकसँगै कारोबार रकम पनि घटेको छ । यससँगै नेप्से १५ दशमलव ९३ अंक घटेर २ हजार ७३४ दशमलव ९३ विन्दुमा झरेको हो ।

अघिल्लो कारोबार दिन रू. ९ अर्ब १३ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. ८ अर्ब ३६ करोडमा झरेको छ । अघिल्लो कारोबार दिन नेप्से २४ दशमलव ९७ अंक घटेको थियो ।

कारोबारमा आएका धितोपत्रमध्ये सबैभन्दा बढी खानीखोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य ९ दशमलव ९८ प्रतिशत वृद्धि भएको छ । यससँगै कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ४२८ दशमलव ८० पुगेको हो । त्यस्तै, सुपर मादी हाइड्रोपावरको शेयर मूल्य ९ दशमलव ९५ प्रतिशत बढेर रू. १ हजार १४९ पुगेको छ ।

बिहीवार सपोर्ट लघुवित्त वित्तीय संस्थाका शेयरधनीले सर्वाधिक गुमाएका छन् । यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा ८ दशमलव ३७ प्रतिशत घटेसँगै धेरै गुमाएका हुन् । यससँगै कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २ हजार ८५० मा झरेको छ । त्यस्तै, नेपाल फाइनान्सको शेयर मूल्य ७ दशमलव १५ प्रतिशत घटेर रू. १ हजार १५५ कायम भएको छ । सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा पनि नेपाल फाइनान्सले ओगटेको छ । यस कम्पनीको रू. ४२ करोड १९ लाख बराबरको शेयर खरीदविक्री भएको हो ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये दुई समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ । तीमध्ये व्यापार समूहको सूचक सबैभन्दा बढी ३ दशमलव ६७ प्रतिशत वृद्धि भएको छ भने होटल तथा पर्यटन समूहको सूचक सबैभन्दा बढी ३ दशमलव ६३ प्रतिशत घटेको छ ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४० दशमलव ३८ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ३७ करोड ९६ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब २० करोड ६८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ३३ करोड ४४ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५७ करोड १ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ७६ करोड ४३ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट बिहीवारको बजारमा रू. ६५ करोड १ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४२८.८० | ९.९८ | सपोर्ट लघुवित्त वित्तीय संस्था लि. | २,८५०.०० | -८.३७ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १,१४९.०० | ९.९५ | नेपाल फाइनान्स लिमिटेड | १,१५५.०० | -७.१५ |
| मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २,५००.०० | ८.५५ | गुराँस लघुवित्त वित्तीय संस्था लि. | २,२८०.०० | -६.५२ |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १,५५५.०० | ७.९९ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १,१७०.०० | -६.१० |
| ९.५% एनसीसी डिबेन्चर २०८६ | १,१६६.८० | ६.०७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६८२.१० | -५.३३ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३३७.९६ | ४०.३८ |
| २ | वित्त | १२०.६८ | १४.४२ |
| ३ | विकास बैंक | ७९.५१ | ९.५० |
| ४ | लघुवित्त | ५६.३९ | ६.७४ |
| ५ | लगानी | ५४.४० | ६.५० |
| ६ | जीवन बीमा | ५३.६८ | ६.४१ |
| ७ | बैंकिङ्ग | ४२.९३ | ५.१३ |
| ८ | निर्जीवन बीमा | २४.१९ | २.८९ |
| ९ | अन्य | १८.९६ | २.२७ |
| १० | उत्पादन तथा प्रशोधन | १७.२५ | २.०६ |
| ११ | होटल तथा पर्यटन | १४.६६ | १.७५ |
| १२ | व्यापार | ७.२५ | ०.८७ |
| १३ | संस्थापक शेयर | ७.०० | ०.८४ |
| १४ | म्युचुअल फण्ड | १.७२ | ०.२१ |
| १५ | ऋणपत्र | ०.३१ | ०.०४ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ५,०७४.४७ | ३.६७ |
| २ | जीवन बीमा | १३,७५५.३५ | ०.८० |
| ३ | निर्जीवन बीमा | १३,०९३.४४ | -०.०७ |
| ४ | म्युचुअल फण्ड | २१.८४ | -०.२९ |
| ५ | अन्य | २,००३.८० | -०.४८ |
| ६ | जलविद्युत् | ३,६१५.९८ | -०.८८ |
| ७ | लगानी | १०४.८३ | -०.९० |
| ८ | बैंकिङ्ग | १,४४०.२६ | -०.९७ |
| ९ | विकास बैंक | ५,८१७.२१ | -१.०८ |
| १० | लघुवित्त | ५,०५२.९२ | -१.१४ |
| ११ | उत्पादन तथा प्रशोधन | ६,७२६.५८ | -१.२८ |
| १२ | वित्त | ३,३६७.९७ | -२.८० |
| १३ | होटल तथा पर्यटन | ६,८५२.९६ | -३.६३ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| नेपाल फाइनान्स लिमिटेड | ४२.१९ | १,१५५.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | २९.०३ | १,११५.०० |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | २०.८७ | १,५५५.०० |
| रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | २०.११ | ४८१.५० |
| जानकी फाइनान्स कम्पनी लिमिटेड | १३.९८ | ९२५.०० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ७६.४३ | ५७.०१ | १३३.४४ |
| ४५ | २९.२३ | ३५.७७ | ६५.०१ |
| ४२ | २७.३५ | २९.४४ | ५६.८० |
| ३४ | २६.७२ | २६.४२ | ५३.१४ |
| ५७ | २४.५२ | २३.४८ | ४८.०० |

## दुई कम्पनीको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा दुई कम्पनीको शेयर मूल्य समायोजन भएको छ ।

फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था र एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडले साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले फर्स्ट माइक्रोफाइनान्स लघुवित्तको ९ प्रतिशत र एनआरएनको ५ प्रतिशत बोनस शेयर समायोजन गरेको हो । समायोजनपश्चात् एनआरएनको शेयर मूल्य रू. १ हजार ६१ दशमलव ९० र फर्स्ट माइक्रोफाइनान्स लघुवित्तको रू. ७३१ दशमलव १९ कायम भएको छ ।

नेप्सेले बिहीवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा यी दुवै कम्पनीको शेयर मूल्य समायोजन गरेको हो ।

बिहीवार दोस्रो बजारमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्तको शेयर मूल्य प्रतिकित्ता रू. ७९७ मा र एनआरएनको रू. १ हजार ११५ मा अन्तिम कारोबार भएको थियो ।

## तारागाउँ रिजेन्सी होटल्सको नगद लाभांश प्रस्ताव

काठमाडौं (अस) । तारागाउँ रिजेन्सी होटल्स लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ११ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

मङ्सिर १९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ११ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव गरेको हो ।

यो वर्ष कम्पनीले गत वर्षभन्दा कम लाभांश वितरण गर्न लागेको हो । गत वर्ष कम्पनीले ४ प्रतिशत बोनस शेयर र ११ प्रतिशत नगद लाभांश (कर समेत) गरी कुल १५ प्रतिशत लाभांश वितरण गरेको थियो । कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि मात्र वितरण गर्ने गरी कम्पनीले लाभांश प्रस्ताव गरेको हो ।

## छिमेक लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस) । छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को लागि कुल १५ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

मङ्सिर १९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ८ प्रतिशत बोनस शेयर र ७ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने निर्णय गरेको हो । हाल कम्पनीको चुक्तापूँजी २ अर्ब ९७ करोड ७१ लाख ७२ हजार रुपैयाँ छ ।

प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति पछि कम्पनीले आगामी साधारणसभाबाट पारित गरेपछि वितरण हुनेछ ।

## विन नेपाल लघुवित्तले यस वर्ष लाभांश नदिने

काठमाडौं (अस) । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनीहरूलाई कुनै पनि लाभांश वितरण नगर्ने भएको छ । मङ्सिर १९ गते बसेको लघुवित्तको सञ्चालक समितिको बैठकले लाभांश वितरण नगरी सोही बमोजिम वित्तीय विवरणहरू वार्षिक साधारणसभा प्रयोजनार्थ नेपाल राष्ट्र बैंकमा स्वीकृतिका लागि पठाउने निर्णय गरेको नेप्से मार्फत जनाएको छ ।

**एभरेष्ट हस्पिटालिटि एण्ड होटल लिमिटेडको**

**तेस्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१ मसिंर २१ गते)**

यस एभरेष्ट हस्पिटालिटी एण्ड होटल लि. (दर्ता नं. २९३१९४/७८/७९)को मिति २०८१ साल मंसिर १६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको तेस्रो बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति : २०८१/०९/१७**
**स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।**
**समय : बिहान १०:०० बजे**

**कम्पनीको बार्षिक साधारण सभाको छलफलको बिषयसुची (एजेण्डा) :**

**क) साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ अषाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विविधः**

(संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्वारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्वारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।)

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.**

**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.**

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)
कर्पोरेट कार्यालयः बनेपा, काभ्रेपलाञ्चोक, फोन नं.: +९७७-०११-६६००३४, ९८२०८१२३४५
ईमेलः info@nicasialaghubitta.com, वेबसाइटः www.nicasialaghubitta.com

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८१।०८।२१ (आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकाबाट प्रकाशित)**

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स | शाखा कार्यालय | ऋणीको नाम, ना.प्र.नं.र जिल्ला | ऋणीको तिनपुस्ते विवरण पति/पिता,ससुरा/बाजे | व्यक्तिगत जमानीकर्ताको नाम, ना.प्र.नं.र जिल्ला | व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण पति/पिता,ससुरा/बाजे |
|---|---|---|---|---|---|
| १ | अमरगढी | सुनिता ताम्राकार,७४-०१-७३-०२९५९,डडेल्धुरा | पवन ताम्राकार,भागी टमटा | पवन ताम्राकार,७४१००१/२२४८,डडेल्धुरा | भगी टमटा,ठगी टमटा |
| २ | अर्घौ | अस्मिता श्रेष्ठ,६४०३,नवलपरासी | कुन्जन भान्साकार्य,जयराम भान्साकार्य | किस्मिता भान्साकार्य,४६-०१-७५-००९८९,कास्की | कुन्जन भान्साकार्य,जयराम भान्साकार्य |
| ३ | अर्घौ | विन्दु राना मगर,४२३००५/७०,स्याङ्जा | बल बहादुर राना,भविचन राना | गज वहादुर मगर,४१,कास्की | तुलवोट मगर,बल विर मगर |
| ४ | अर्घौ | विष्णुमाया गुरुङ,४५१०३१/७६९८,लमजुङ | कृष्ण बहादुर गुरुङ्ग,नुम बहादुर गुरुङ्ग | कृष्ण बहादुर गुरुङ्ग,४८७५५,स्याङ्जा | नुम बहादुर गुरुङ्ग, लाल बहादुर गुरुङ्ग |
| ५ | अर्घौ | कुमारी गुरुङ,४६-०१-७३-०१००६,कास्की | बुद्धिबहादुर गुरुङ्ग,बिरबहादुर गुरुङ | बुद्धिबहादुर गुरुङ्ग,१६६३९९,कास्की | बिरबहादुर गुरुङ्ग, बल बहादुर गुरुङ्ग |
| ६ | अर्घौ | निर्मला पौडेल,८८४५७,स्याङ्जा | ठाकुर प्रसाद पौडेल,शिव शर्मा | सुजाता गौतम,३४-०१-७२-००७६७,पर्सा | मेघनाथ गौतम,भुवानी प्रसाद गौतम |
| ७ | अर्घौ | पस कुमारी गुरुङ,५३८९९,लमजुङ | वल बहादुर गुरुङ, लट्टे गुरुङ | पहलमान तामाङ्ग,६/१२९४,रुपन्देही | प्रतिमान तामाङ्ग,जगत सिंह तामाङ्ग |
| ८ | अर्घौ | शान्ता लुङ्गेली (राई),१२-०१-७१-०६८७७,खोटाङ | जय बहादुर राई,शहरमान राई | जय बहादुर राई,९३६,खोटाङ | शहरमान राई,भैरब बहादुर राई |
| ९ | अर्घौ | सन्तु विश्वकर्मा,१५९९९७,कास्की | महेन्द्र लाल विश्वकर्मा,सेते कामी | महेन्द्र लाल विशकर्मा,२१२७,कास्की | सेते कामी,बलभद्र कामी |
| १० | अर्घौ | शोभा गुरुङ,४६-०१-७०-०२५०६,कास्की | गिरबहादुर गुरुङ्ग,हर्कबहादुर गुरुङ्ग | नेत्र बहादुर गुरुङ्ग,४६१००२/४५७७,कास्की | पिताम्बर गुरुङ्ग,टेक वहादुर गुरुङ्ग |
| ११ | अर्घौ | तारादेवी उदास,५२८८,कास्की | केशव कुमार उदास,निलम कुमार उदास | केशवकुमार उदास,४८४८२,कास्की | निलम कुमार उदास,रत्न बहादुर उदास |
| १२ | बाँसगढी | गुलाव रानी थारु,१/८९३२,बर्दिया | प्रेम थारु,बाँधु थारु | प्रेम थारु,३९१५६७,बर्दिया | बाँधु थारु,महाविर थारु |
| १३ | बाँसगढी | श्रृजना बुढाथोकी,६५-०१-७३-०१८०६,बर्दिया | राजेश कुमार बुढाथोकी,धन बहादुर वुढाथोकी | राजेश कुमार बुढाथोकी,२९३१९,बर्दिया | धन बहादुर वुढाथोकी,जित बहादुर वुढाथोकी |
| १४ | बाँसगढी | तारा खड्का,६५३०१४/१५७१,बर्दिया | तप्तराम शाही,विरवहादुर शाही | तप्तराम शाही,३३१(०४२)/३०३२,रुकुम | विरवहादुर शाही,वल बहादुर शाही |
| १५ | बोडगाउँ | माया कुमारी रेग्मी,५९२/७७२,बाग्लुङ | टंक प्रसाद रेग्मी,टीका राम रेग्मी | टंक प्रसाद रेग्मी,१५८२,बाग्लुङ | टीका राम रेग्मी,देवराम रेग्मी |
| १६ | बोडगाउँ | रचना कुमारी गिरी,३८-०६-७४-००६९३,कपिलवस्तु | दीपक राज गिरी,जीवलाल गिरी | दीपक राज गिरी,२/१०/५२१८४,कपिलवस्तु | जीवलाल गिरी,धन प्रसाद गिरी |
| १७ | बोडगाउँ | सन्जु थापा,३८-०१-०६९-२७९९८,कपिलवस्तु | शुशिल थापा,धन वहादुर थापा | शुशिल थापा,३८/२/१०/६४२८१,कपिलवस्तु | धन वहादुर थापा,शोव बहादुर थापा |
| १८ | बोडगाउँ | अन्जु परियार,३८-०१-७१-०७६१०,कपिलवस्तु | विनोद दर्जी,मानबहादुर दर्जी | विनोद दर्जी,,३८-०१-०६६-०२२६२,कपिलवस्तु | मानबहादुर दर्जी,छविलाल परियार |
| १९ | डकैला | बसन्ती देवी,३४-०१-६९-०४००८,पर्सा | सुनेश्वर महरा,रामजी महरा चमार | रामजी महरा चमार,७८५/पर्सा/०३८/३९,पर्सा | सटहु महरा चमार,दुल्म राम |
| २० | डकैला | उमा कुमारी,३४-०१-७०-०४७६२,पर्सा | गोविन्दा महरा,अछेलाल महरा चमार | गोविन्दा महरा,३४३०२३/७८,पर्सा | अछेलाल महरा चमार,रामजी महरा चमार |
| २१ | डकैला | प्रविता देवी चमार,३४३००६/३७३,पर्सा | चन्देव महरा चमार,जगलाल महरा चमार | चन्देव महरा चमार,३४३००६/१५४,पर्सा | जगलाल महरा चमार,छठु महरा चमार |
| २२ | डकैला | पुनीता देवी,३४-०१-७७-०४०१९,पर्सा | अकलेश प्रसाद चौरसिया,सिवनाथ राउत बरै | अकलेश प्रसाद चौरसिया,३४१०४०/३४४,पर्सा | सिवनाथ राउत बरै,शिवनाथ राउत |
| २३ | डल्ली | गिता कामी,५६-०१-७७-०१८५६,रुकुम | सार्के कामी,गोरे कामी | सार्के कामी,५६-०१-६९-००७४२,रुकुम | गोरे कामी,शेरे कामी |
| २४ | डल्ली | सृष्टि परियार,५६-१०-७५-००२५८,रुकुम पश्चिम | नविन परियार,सिंगविर नेपाली | नविन परियार,५६-०१-७१-०२२४९,रुकुम | सिंगविर नेपाली,पुर्ने नेपाली |
| २५ | डल्ली | लालकुमारी कामी,५६३०३७/८०२,रुकुम | सन्तवीर कामी,खम्बे कामी | सन्तवीर कामी,५६३०३७/५००,रुकुम | खम्बे कामी,सार्की कामी |
| २६ | कुरिनटार | विष्णु माया गुरुङ,८२९७५,गोरखा | तारा बहादुर गुरुङ,पनविर गुरुङ | तारा बहादुर गुरुङ,३६६७,गोरखा | पनविर गुरुङ,रण बहादुर गुरुङ |
| २७ | कुरिनटार | जुनमाया चेपाङ,२६१/६२९९०,धादिङ्ग | कृष्ण बहादुर चेपाङ,गौरे प्रजा | कृष्ण बहादुर चेपाङ,२६३०३५/५३२,,धादिङ्ग | गौरे प्रजा,निर बहादुर प्रजा |
| २८ | कुरिनटार | कोपिला श्रेष्ठ,३५१०७१/११,चितवन | विकाश गुरुङ्ग,धन बहादुर गुरुङ्ग | विकाश गुरुङ्ग,३५३०१७/२३४,चितवन | धन बहादुर गुरुङ्ग,चन्द्र बहादुर गुरुङ्ग |
| २९ | माइधार | लक्ष्मी सिवाकोटी,०४३०११/११४५,झापा | नगेन्द्र प्रसाद बिमली, डिल्लीराम बिमली | नगेन्द्र प्रसाद बिमली,९१५२२४२६,झापा | डिल्लीराम बिमली,निल बहादुर बिमली |
| ३० | माइधार | सुनिता चौधरी,०४१०१२/२२७६,झापा | दिप नारायण चौधरी थारु,विष्णुलाल चौधरी | राम कुमार चौधरी,०१२८११५१,झापा | बतहान चौधरी,मनीलाल चौधरी |
| ३१ | माइधार | वविता घिमिरे,८५२४१५२९,झापा | तिर्थ प्रसाद घिमिरे,चुडामणि घिमिरे | चुडामणि घिमिरे,१३६०१-३३५९,झापा | रविचन्द्र घिमिरे,रेमन्त घिमिरे, |
| ३२ | माइधार | भीम वहादुर अधिकारी,०५३१९७८२,झापा | धन बहादुर अधिकारी,दल बहादुर अधिकारी | ख्याम कुमारी अधिकारी,०४-३-०१-४८२,झापा | भीम वहादुर अधिकारी,धन बहादुर अधिकारी |
| ३३ | माइधार | इन्दिरा देवी कट्टेल,४०५९९,मोरङ | किरण बस्नेत,विनोद बस्नेत | किरण बस्नेत,०१२८२८५५,झापा | विनोद बस्नेत,दल बहादुर बस्नेत |
| ३४ | माइधार | मदन सग्रौला,०२-०१-७१-०१३७८,पाँचथर | भिम प्रसाद सग्रौला,पिपर राज संग्रौला | संगीता राय,०२-०१-७५-०००८४,पाँचथर | मदन संग्रौला,भिम प्रसाद संग्रौला |
| ३५ | माइधार | मान बहादुर खुलाल बुढाथोकी,९१५२२५१४,झापा | दल बहादुर खुलाल बुढाथोकी,मोतिलाल खुलाल बुढाथोकी | मञ्जु खुलाल बुढाथोकी,०४१०३१/५३०,झापा | मान बहादुर खुलाल बुढाथोकी,दल बहादुर खुलाल बुढाथोकी |
| ३६ | माइधार | मेमवति राजवशी,३५७४५६७,झापा | टिका लाल राजवंशी,हुसेल राजवंशी | टिका लाल राजवंशी,३५७४४८१४,झापा | हुसेल राजवंशी,पानीलाल राजवंशी |
| ३७ | माइधार | शारदा अधिकारी,०५३०२०/६०७,मोरङ्ग | सुर्य प्रकास खनाल,डिल्ली राम खनाल | सुर्य प्रकास खनाल,०६१५३७२४,झापा | डिल्ली राम खनाल,धनपती खनाल |
| ३८ | महादेववेशी | कविता विश्वकर्मा,३११०३८/७९४२७,मकवानपुर | राजु दुधराज कामी,गोपाल कामी | | |
| ३९ | नारायणटार | लता सुब्बा,०४-०१-७२-०२८६६,झापा | निर्मल सुब्बा,इन्द्र बहादुर लिम्बु | निर्मल सुब्बा,०४१०१४/१७२८,झापा | इन्द्र बहादुर लिम्बु,देवनन्द लिम्बु |
| ४० | नारायणटार | सावित्री उप्रेती,२२३०३१/३९७,दोलखा | प्रेम बहादुर पाठक,जगत बहादुर पाठक | मिन बहादुर उप्रेती,०४-०१-७३-०२६४०,झापा | कालि प्रसाद उप्रेती, चन्द्र प्रसाद उप्रेती |
| ४१ | नारायणटार | सरस्वता पन्धाक,०८३०२६/८८,तेह्रथुम | देवी बहादुर पंधाक, जस मान पंधाक | देवी बहादुर पंधाक,१८९१९/३६,तेह्रथुम | जस मान पंधाक,कनक सिं पंधाक |
| ४२ | सुन्दरबजार | चन्द्रा वि.क,४५३०३४-९३,लमजुङ | अमृत बहादुर वि.क,सार्के कामी | अमृत बहादुर वि.क,२११७६,लमजुङ | सार्के कामी,काले कामी |

**नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ ।**

साथी सँगै सबल बन्दै

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, २१ मङ्सिर २०८१ | Friday, 6 December 2024
आर्थिक अभियान

तीतोमीठो

# आऊ कमरेड... भजन गाऊँ


मदन लम्साल

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको धमाका चलिरहेको छ । टिमका मालिकहरूको लगानी ५०-६० करोड पुगेको छ । प्राइज के हो भन्ने विषयमा क्यानले सरप्राइज दिन्छ कि स्पिनर चाल, थाहा छैन । नेपाली र विदेशी खेलाडीहरूको भिडन्तले क्रिकेटमा 'क्रान्ति' ल्याउला कि 'कन्फ्युजन', त्यो पनि हेर्न बाँकी छ । हाललाई डिजिटल स्कोरबोर्ड चम्केको छ, दर्शकका लागि नयाँ सिट राखिएको छ । जनता पनि क्यानको 'गुगली' हेर्दै 'डिजिटल युगको म्याच' हेरेर मख्ख छन् ।

तर यो क्रिकेटमात्रै होइन, अर्को खेल पनि चलिरहेको छ, एमसीसी बनाम बीआरआई । यसैमा सहभागी हुन प्रम चीन गएर फर्किए । सबैलाई थाहै छ बीआरआई बुझ्न गाह्रो छ र एमसीसीभन्दा चर्को छ । त्यसैले होला ८७ जनाको लर्को चीन भ्रमणमा गयो । एमसीसीमा 'पोल गाड्ने ठोस प्रगति' भयो, तर बीआरआई सपनामै सीमित छ । चीनको ऋणप्रति घीन मान्नेहरूको दिन चम्किँदा पनि प्रम ओलीको भ्रमणले बीआरआईको फ्रेमवर्कमा हस्ताक्षर त भयो, तर यो फ्रेममा वर्क हुन्छ कि हुन्न, थाहा छैन ।

रसुवा र तातोपानीको बाटो खुले पनि नखुले पनि, राँगाभैंसीको मासु चीन पठाउने ढोका चैं खुलेको कुरा छ । झ्यालबाट त पहिला पनि जान्थ्यो क्यारे । चीनले ८-९ अर्ब अनुदान दिने भनेर प्रमलाई फकाइफुल्याई पठायो । दिने नै हो भने चीनले ८-९ खर्ब नै दान दिन सक्थ्यो नि । तर दिएन, ८-९ अर्ब पनि 'दान' नभएर 'अनुदान' रे । हुन त अरूले पनि 'अनुदान'नै भनेर दिन्छन् । यो उपसर्ग थप्नुको अर्थ के होला खै ? जे होस्, जाबो ८-९ अर्ब त हाम्रा नेताजीहरूले विदेशी सोमरसमै सिध्याउँछन् । यसले देखाउँछ कि कम्युनिष्ट चीनले नेपाली कम्युनिष्ट नेतृत्वलाई पूरै पत्याएको छैन ।

नेपाली कम्युनिष्ट पार्टीको रणनीति पनि तासको खेलजस्तै छ नि त । कहिले चिनियाँ 'चौका' त कहिले भारतीय 'तिर्की' फाल्दै, जनतालाई खेलाइरहने । भलै चीनले पनि सबै कम्युनिष्टलाई एउटै खेमामा ल्याउने प्रयास गरेकै थियो । तर हाम्रा नेताहरू यस्ता खप्पिस निक्लिए कि चाइनिजहरूलाई 'हेरेको हेर्‍यै' बनाइदिए । अन्ततः चीनले 'नेपाली राजनीतिको डोरीको छेउ-टुप्पो भेटिएन' भनेर हात उठायोजस्तो छ । कि हाम्रा नेताहरूलाई नै जिल्याइदिने अझ ठूलो खेला गराउने तानावाना पो बुन्दै छ कि चीन, के थाहा ?

समग्रमा नेपाली नेताहरू पनि त्यस्तै छन्, छिमेकका ठूला नेता भेट्न भनेर बाटोचैं ढुक्ने । तर कहिले चिनियाँ मःमः त कहिले भारतीय समोसा चप्काउन पाए मात्र पुग्ने । बाहिर 'कम्युनिष्ट' देखिए पनि दाम र कामको हिसाबले के हुन् भन्ने सबैलाई थाहा छ । तर 'देशमा अझै धेरै कम्युनिष्ट छन्' भनेर नझुक्किनु होला । पहिले 'लाल-लाल' भन्दै दौडिनेहरू अहिले 'गोविन्द बोलो हरि गोपाल' गाइरहेका छन् । पहिले नाम सुन्दै डर लाग्ने लालहरूलाई अहिले कसैले बाल दिँदैन, न त उनीहरूको दाल नै गल्छ । बरु मानिसले उनीहरूलाई 'उहिलेको खुंखार डाँका' सम्झेर आँखा रातो बनाएर घुरेर हेर्छन् । लालबाट गोपालसम्म आइपुग्ने यो यात्रामा कम्युनिष्ट सिद्धान्तको गल्ती हो कि उनीहरूको मोटाएको खल्तीको हो, त्यो बुझ्न गाह्रो छ ।

लालभूमि रुस र चीन दुवै व्यापारीमा परिवर्तन भएदेखि यहाँका 'लाल'हरू 'लाला' बने । लालबाट लाला (हिन्दीमा व्यापारी) हुने क्रममा उनीहरूको महत्त्व शेयरको भाउझैं ओरालो लाग्यो । लालाबाट द(लाल) हुँदै गर्दा घरभित्र त लालेहरूको लालसलाम हराइसकेको छ । बिहान हुन्छ, साँझ हुन्छ, दाह्री सुम्सुम्याउँदै उनीहरूको जीवन तमाम हुन्छ । कोही बलात्कार त कोही भ्रष्टाचारका मुद्दामा खोरमा पसेका छन् । कोही ठूलै पद पड्काएर आलिशान महलभित्रको खोपीमा बसेका छन् । कोही मायाजालमा फसेका छन् । कोही खरानी धसेका पनि छन् । कोही खेतीपातीमा कसिएका छन् । समाजवाद, समृद्धि र विकासको यात्रामा हिँडेका कामरेडहरू अहिले त आफन्तवाद, ढोंग र भोगविलाससम्म आइपुगेका छन् ।

**लालबाट गोपालसम्म आइपुग्ने यो यात्रामा कम्युनिष्ट सिद्धान्तको गल्ती हो कि उनीहरूको मोटाएको खल्तीको हो, त्यो बुझ्न गाह्रो छ । लालाबाट द(लाल) हुँदै गर्दा घरभित्र त लालेहरूको लालसलाम हराइसकेको छ ।**

अहिले त लालेहरू साँझ खस्नासाथ लालरस (रेड लेबल)सँग फसिहाल्छन् । तर, जनतालाई त हातमुख जोर्न भ्याइनभ्याइ छ । किनेर खानुपर्ने दूध, दही, पिठो, दाल, तरकारी, नौनीसम्ममा तहतहमा करको भार झेल्न विवश छन् । तर पनि मानिसहरू धन्यवाद दिइरहेका छन् कि सास त निःशुल्क छ भनेर । जति सक्दो सास तान, फ्याँक, फेरि तान, फोक्सो भर, तर बाँच, यसअघि कि बोतलमा बन्द गरिएको हावा किनेर बाँच्ने दिन आओस् ।

भलै दलहरू बदलिँदै छन्, दिलहरू बदलिँदै छन् । बिहान घर छाडेकाहरू साँझ फर्किन्छन् वा फर्किन्नन्, थाहा छैन । झुन्डका झुन्ड मानिसहरू यताबाट उता लागिरहेका छन्, अर्थात् तिम्रो अविश्वासमा देशबाट भागिरहेका छन् । तर लाले, तिम्रो बारेमा युवाहरूले त सोधखोजसम्म गर्न छाडेका छन्, जस्तो कि तिमी अस्तित्वमै छैनौ । जस्तो कि तिमी कहिल्यै थिएनौ ।

टीभीका संवाददाताहरू मानिसको मुख मुखमा माइक घुसाएर सरकारबारे केही नकारात्मक बोल्न लगाउँछन् । तर कामरेडहरूलाई चाहिँ आज कोही प्रश्न गर्दैन । कामरेडहरूलाई अहिले त राजनीतिका 'रोहिंग्या' सरह पो व्यवहार गरिन्छ त । कोही हेर्दैन, कहिलेकाहीँ झुक्किएर हेरे पनि मानिसहरू मुख अर्कैतिर मोडिदिन्छन् ।

देशको राजनीतिमा कुनै बेला ज्वाइँसाप जस्तो स्थान पाएका कामरेडहरूको हैसियत अहिले रामु काकाको जत्ति पनि रहेन । अहिले त हालत यस्तो छ कि उनीहरूकै बच्चाहरूले समेत 'हड्ताल' र 'नेपाल बन्द' जस्ता शब्दको अर्थ सोध्न थालेका छन् । यस्तो लाग्छ कि बेरोजगारहरूले आफ्नै बेरोजगारीमा मजा लिइरहेका छन्, गरीबहरूले आफ्नै गरीबीमा ।

घरहरू जलिरहेका छन्, त्यसले चारैतिर उज्यालो छरिरहेछ । कुनैबेला बोक्सी मानिएकी महँगी अहिले उद्योगपतिकी छोरी र मालिकहरूको प्रिय बुहारी बनेकी छ । त्यो घरभरि साल्सा नृत्य गर्दै हिँडिरहेकी छ, तर उसलाई कसैले केही भन्ने हिम्मत गर्दैन ।

यहाँ दशै दिशाहरू चिच्याइरहेछन्, 'दास क्यापिटल बिर्स' भनेर । तर पनि अझै दास बन्नेहरू केही छन् देशमा । जनताका लागि केही गर्नु छ भन्ने अझै लाग्छ भने पछाडि फर्किएर हेर, नयाँ इतिहास कोर, पुराना पथहरू त्याग, नयाँ बाटोमा हिँड । भोक, गरीबी र भ्रष्टाचारको सामना गर । मक्किइसकेका ब्यानरलाई भाँग्रो बनाऊ । भोक, गरीबी, भ्रष्टाचार केवल भ्रम रहेछन् भनेर घोषणा गर । अघि बढ्ने हो भने युटर्न लेऊ ।

जो बितेर गयो, सो गयो । विगतलाई छोड, भविष्यको लागि ठाउँ बनाऊ । घोषणापत्रबाट टाढै बस, विधिको विधानमा विश्वास गर । तर यदि माथिका केही पनि गर्न सक्दैनौ भने भक्तिको यात्रामा सँगै जाऊँ । बरु आऊ कामरेड... हामी भजन गाऊँ, गोविन्द बोलो हरि गोपाल बोलो... ।



तस्वीर : आर्थिक अभियान

**नेपालका लागि इजरायली नवनियुक्त राजदूत श्मुलिक एरी बासले बिहीवार नेपालका पत्रकारहरूसँग गरेको भेटघाट कार्यक्रम । राजदूत बासले इजरायलमा 'लर्न एन्ड अर्न' कार्यक्रममा गएका बेला हमासले बन्धक बनाएका विपीन जोशी छिट्टै मुक्त हुने विश्वास व्यक्त गरे । साथै उनले गतवर्ष हमासको आक्रमणमा मारिएका नेपालीका परिवारलाई इजरायल सरकारले नियमित सहयोग गरिरहेको बताए । कार्यक्रममा 'केयर गिभर'का रूपमा इजरायल गएका महिलालगायत नेपाली श्रमिकको अवस्था, हालै इजरायल र लेबनानको हिज्बुल्लाह समूहबीच भएको युद्धविराम सम्झौता लगायतबारे जानकारी गराइएको थियो ।**

सुक्खा बन्दरगाहमा लेन दुरुपयोग प्रकरण

# न कारबाही, न कन्टेनर व्यवस्थापन

**अभियान संवाददाता**
वीरगञ्ज

वीरगञ्ज सुक्खा बन्दरगाहबाट एउटा भनेर अर्कै (प्रतिबन्धित) वस्तु आयात गरिएको खुलासा भएको १ वर्ष बितिसक्दा पनि भन्सारले न यो धन्धामा संलग्न कर्मचारी र आयातकर्तालाई कारबाहीको दायरामा ल्याउन सकेको छ, न भन्सार हातामा अलपत्र छोडिएका सबै कन्टेनर ठेगान नै लगाएको छ । वास्तविकभन्दा फरक मालवस्तु घोषणा गरेर भित्र्याउन खोजिएका कन्टेनरको व्यवस्थापन अहिले भन्सारका लागि टाउको दुखाइ भएको छ ।

भन्सारको हरियो लेनको दुरुपयोग गरेर प्रतिबन्धित मालसामान भित्र्याएको विषयलाई सुक्खा बन्दरगाह भन्सार कार्यालयले अझै टुंगोमा पुर्‍याउन नसकेको त्यहाँका अधिकारीले बताएका छन् । २०७६ सालमा भएको यस्तो अवैध धन्धाको खुलासा २०८० मङ्सिरमा भएको थियो । भन्सारका कर्मचारी नै कारबाहीमा पर्ने भएपछि अनुसन्धानलाई नै अल्मल्याउने काम भइरहेको भन्सार विभागका एक अधिकारीले दाबी गरेका छन् । सुक्खा बन्दरगाह भन्सारले गतवर्ष मङ्सिर १० गते कन्टेनर लिलामीको सूचना निकालेको थियो ।

ती अधिकारीका अनुसार बन्दरगाहमा रोकिएका कन्टेनरमा रहेका मालसामान लिलामी गर्ने प्रक्रिया चले पनि आयातकर्तालाई कारबाही गर्नेतर्फ भने उदासीनता देखिएको छ । आयातकर्ता सम्पर्कमा आएमा बयानका क्रममा कर्मचारी पनि तानिने दाबी ती अधिकारीको छ ।

वर्षौंदेखि बन्दरगाहमा रोकेर राखिएका कन्टेनर लिलामीको सूचना निकालेर कारबाही अगाडि बढाएपछि आयात प्रतिबन्ध लगाइएका मालवस्तु मिलेमतोमा भित्रिने गरेको खुलासा भएको थियो । त्यो प्रकरणमा भन्सारका तत्कालीन कर्मचारीदेखि भन्सार विभागका उच्च अधिकारीसमेतको मिलेमतोको आशंकामा विभागले अनुसन्धान अघि बढाएको थियो । तर, अहिले अनुसन्धान नै अलपत्र परेको छ ।

घोषणाभन्दा फरक वस्तु भित्र्याएका भनिएका आयातकर्ता कम्पनीलाई उपस्थित हुन पत्र काटेकोमा अहिलेसम्म ती आयातकर्ता सम्पर्कमै आएका छैनन् । हालै अनुसन्धान अधिकृत तोकिएको सुक्खा बन्दरगाह भन्सारका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले जानकारी दिए ।



**वीरगञ्ज सुक्खा बन्दरगाहमा नष्ट गर्नुपर्ने मालसामान राखिएका कन्टेनर ।**

सूचना निकाल्दा आयातकर्ता सम्पर्कमा नआएपछि गतवर्ष मङ्सिरमा भन्सार विभागको टोली नै आएर कन्टेनर खोलेर हेर्दा प्रतिबन्धित मालसामान भेटिएको थियो । त्यसबेला भन्सार विभागका उच्च अधिकारीहरूसहितको टोली वीरगञ्जमा आएर अनुसन्धान गरेको थियो ।

बन्दरगाहमा थन्किएका ३०४ ओटा कन्टेनरमध्ये १०० ओटामा घोषणाभन्दा फरक मालसामान भेटिएको थियो । यो प्रकरणमा त्यसबेला राजस्व अनुसन्धान विभागले पनि चासो राखेको थियो । कुखुराको दाना र मुसुरोको दाल ल्याएको भनिएका कन्टेनरमा सुपारी, मासको दालमा पोस्ता दाना, छोकडा, हार्डवेयरका सामानमा स्कुटर, मदिरालगायत सामान फेला परेपछि बन्दरगाह भन्सारले अनुसन्धान अघि बढाएको हो । त्यसबेला सरकारले विदेशी विनिमय सञ्चितिमा दबाब परेको भन्दै केराउ, मरिच, सुपारी, छोकडा, मदिराजस्ता वस्तुको आयात रोकेको थियो ।

भन्सारले २०८० माघमा नवलपरासीको महेश्वरी ट्रेडर्स, काठमाडौंको पाथीभरा स्टोर्स, सिगोल ट्रेडिङ, बाग भैरव ट्रेडर्स र जय मुखी एग्रो ट्रेडर्सलाई सातदिने पत्र काटेर उपस्थित हुन भनेकोमा ती कम्पनी अहिलेसम्म सम्पर्कमा आएका छैनन् । भन्सार तीनपुस्ते पत्ता लगाएर उनीहरूको ठेगानामा प्रहरीमार्फत पत्र पठाए पनि उपस्थित गराउन सकेन ।

भन्सारले अहिलेसम्म सबै कन्टेनरको सामान लिलामी पनि गर्न सकेको छैन । विगतमा ७ पटक लिलामी सूचना निकाल्दा लिलाम नभएपछि बुधवार आठौं पटक सूचना निकालिएको भन्सार प्रमुख बरुवालले बताए । '४० ओटा कन्टेनरमा रहेका विभिन्न मालसामानको लिलामीको सूचना निकालिएको छ । पटकपटक लिलाम सूचना निकाल्दा नगएपछि पुनः मूल्यांकन गरेर आठौं पटक निकालेको हो,' उनले भने । भन्सारले यसअघि नै १०० भन्दा बढी कन्टेनर खोलेर मालसामान लिलाम गरेको थियो ।

एक सय कन्टेनर मालसामान उपभोग योग्य नभएको भेटिए पनि अहिलेसम्म नष्ट गर्न नसकिएको बरुवालले बताए । लामो समयसम्म बन्दरगाहमा थन्क्याइएका छोकडा, केराउ, पोस्ता दानालगायत सामग्री कुहिएका छन् । कसरी नष्ट गर्ने भन्नेमा भन्सार विभागले निर्णय नगर्दा ढिलाइ भएको हो । कुहिएका मालसामान लोड गरिएका कन्टेनर बन्दरगाहको दक्षिणपूर्व कुनामा राखिएपछि त्यो क्षेत्रमा दुर्गन्ध फैलिएको छ ।

तथ्यांकोवाच

## चीनको आयातमा नेपालले हिस्सेदारी बढाउन आवश्यक

विगत २५ वर्षमा चीनको आयातमा ठूलो वृद्धि भएको छ । उत्तरी छिमेकी चीनको यस वृद्धिको फाइदा चीनको निकटतम छिमेकी नेपालले लिन सकिरहेको छैन । यहाँ प्रस्तुत तथ्यांकले यही विषयलाई उजागर गरेको छ । दीर्घकालीन सोचको कमी र चीनसँग व्यापारवार्ता गर्ने कौशल, जाँगर र आत्मबल नभएकाले चीनको बढ्दो आयातको आकारमा नेपालले आफ्नो महत्त्वपूर्ण स्थान बनाउन नसकेको हो ।

**चीनको वैदेशिक व्यापारको प्रवृत्ति मूल्य (अर्ब अमेरिकी डलर)**

| वर्ष | आयात | निर्यात | सन्तुलन | निर्यात आयात अनुपात |
|---|---|---|---|---|
| २००४ | ५६१ | ५९३ | ३२ | १:०.९५ |
| २००५ | ६६० | ७६२ | १०२ | १:०.८७ |
| २००६ | ७९१ | ९६९ | १७७ | १:०.८२ |
| २००७ | ९५६ | १,२२० | २६४ | १:०.७८ |
| २००८ | १,१३३ | १,४३१ | २९८ | १:०.७९ |
| २००९ | १,००६ | १,२०२ | १९६ | १:०.८४ |
| २०१० | १,३९६ | १,५७८ | १८२ | १:०.८८ |
| २०११ | १,७४३ | १,८९८ | १५५ | १:०.९२ |
| २०१२ | १,८१८ | २,०४९ | २३१ | १:०.८९ |
| २०१३ | १,९५० | २,२०९ | २५९ | १:०.८८ |
| २०१४ | १,९५९ | २,३४२ | ३८३ | १:०.८४ |
| २०१५ | १,६८२ | २,२८२ | ६०० | १:०.७४ |
| २०१६ | १,५८९ | २,११९ | ५३० | १:०.७५ |
| २०१७ | १,८४१ | २,२७२ | ४३१ | १:०.८१ |
| २०१८ | २,१३५ | २,४९४ | ३५९ | १:०.८६ |
| २०१९ | २,०६७ | २,४९८ | ४३२ | १:०.८३ |
| २०२० | २,०५७ | २,५८८ | ५३१ | १:०.७९ |
| २०२१ | २,६७६ | ३,३६२ | ६८६ | १:०.८ |
| २०२२ | २,७१६ | ३,५९४ | ८७८ | १:०.७६ |
| २०२३ | २,५५९ | ३,३८९ | ८२९ | १:०.७६ |

स्रोत : आइटिसी ट्रेडम्याप

# ऊर्जा सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत



विराटनगर (अस) । उद्योग व्यवसायले खपत गर्ने ऊर्जा, यसको आपूर्ति तथा वितरणको गुणस्तरलगायत विषयमा इन्टरडिसिप्लिनरी एनालिष्ट (आईडिए) र उद्योग संगठन मोरङको समन्वयमा भएको ऊर्जा सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको छ । प्रतिवेदनको प्रस्तुतिपछि त्यसका महत्त्वपूर्ण विषयवस्तुमा अन्तरक्रिया कार्यक्रम समेत गरिएको छ । गत असोजमा उद्योग व्यवसायमा ऊर्जा उपलब्धता, व्यवस्थापन र गुणस्तरबारे सर्वेक्षण गरिएको थियो ।

विराटनगरमा हालै सम्पन्न कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले सर्वेक्षणबाट आएका तथ्यांकले आगामी दिनमा संगठनलाई ऊर्जासम्बन्धी बहस, पैरवीमा सहयोग पुग्ने बताए । सर्वेक्षणबाट प्राप्त तथ्यांकका आधारमा ऊर्जा व्यवस्थापनका लागि अपनाउनुपर्ने सुधारबारे सरोकारवाला पक्षको ध्यानाकर्षण गराइने भएको छ । ऊर्जाको वास्तविक अवस्था अवगत गराउँदै गुणस्तरमा सुधारका लागि पहल गरिने उनले स्पष्ट पारे ।

आईडिएका अध्यक्ष दीपक ज्ञवालीले ऊर्जा सर्वेक्षणमा ठूला, मझौला, साना, कुटिर र परम्परागत शीपबाट सञ्चालित उद्यम, व्यवसाय समेटिएको जानकारी दिए । ऊर्जा दक्षता अभिवृद्धिका लागि गर्नुपर्ने सुधारका उपायलाई केन्द्रमा राखेर गरिएको सर्वेक्षणको प्रतिवेदनले आगामी दिनमा सुधारको योजना बनाउँदा सहयोग पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा आईडिएका कार्यकारी निर्देशक डा. सुधिन्द्र शर्माले उद्योग व्यवसाय क्षेत्रको अवस्था मनन गरी ऊर्जा नीति तय गर्नुपर्ने, गुणस्तरीय ऊर्जा आपूर्तिका लागि पूर्वाधारमा सुधार गर्नुपर्ने, साना उद्योगको संरक्षणका लागि सहुलियत प्रदान गर्नुपर्ने सुझाव सर्वेक्षणबाट प्राप्त भएको बताए ।

सर्वेक्षणबाट प्राप्त तथ्यांक प्रशोधन गरी तयार पारिएको प्रारम्भिक प्रतिवेदन भएको स्पष्ट पार्दै थप विषय अन्तिम प्रतिवेदनमा समावेश गरिने निर्देशक शर्माले बताए । ऊर्जा सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुति एवं अन्तरक्रिया कार्यक्रममा संगठनका निवर्तमान अध्यक्ष सुयश प्याकुरेल, वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी, उपाध्यक्ष भोलेश्वर दुलाल, विपिन कावरा, कार्यसमिति सदस्य एवं ऊर्जा समितिका संयोजक सन्तोष भगत, उद्योग प्रतिष्ठानका सञ्चालक र व्यवस्थापकहरूको सहभागिता थियो ।

# सिटिजन्स बैंकलाई 'बैंक अफ द इयर २०२४'को अवार्ड

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड विश्वको प्रतिष्ठित बैंक अफ द इयर २०२४ को अवार्डबाट लण्डनमा सम्मानित भएको छ । संयुक्त अधिराज्य (यूके) को द फाइनान्सियल टाइम्सले ४ डिसेम्बरमा आयोजना गरेको एक कार्यक्रममा सिटिजन्स बैंकलाई सो अवार्ड प्रदान गरेको हो ।

बैंक सञ्चालक समितिका अध्यक्ष प्रबलजंग पाण्डे र बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकको प्रतिनिधित्व गर्दै बैंक अफ द इयर २०२४ को सम्मान ग्रहण गरेका थिए । समारोहमा १०० भन्दा बढी देशका बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृतलगायतका अधिकारीसहित करीब ३०० जनाको उपस्थिति थियो । बैंकिङ क्षेत्रको ओस्कार पुरस्कार मानिने विश्वको प्रतिष्ठित बैंक अफ द इयर २०२४ को अवार्ड प्राप्त गर्न सफल भएकोमा गौरवान्वित महसूस गरेको सिटिजन्स बैंक सञ्चालक समितिका अध्यक्ष पाण्डेले बताए । यसबाट आगामी दिनमा अझ उत्कृष्ट प्रविधिमैत्री आधुनिक बैंकिङ सेवा ग्राहकमाझ ल्याउन हौसला मिलेको उनको भनाइ छ । त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले यस अवार्डको प्राप्ति सम्पूर्ण सरोकारवाला निकायको सहयोग एवं कर्मचारीको मेहनतबाट सम्भव भएको बताए ।




सिटिजन्स बैंकले हालै मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स भर्च्युअल क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । भौतिक कार्डविना नै मोबाइलको माध्यमबाट स्क्यान गरी क्रेडिट कार्डको सुविधा उपयोग गर्न सकिने विशेषता भर्च्युअल क्रेडिट कार्डमा रहेको छ । बैंकले देशैभर ६० जिल्लामा फैलिएका आफ्ना १९७ ओटा शाखा, १६२ ओटा एटिएम, तीन विस्तारित काउन्टर र ७४ ओटा शाखारहित बैंकिङ इकाइबाट १८ लाखभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित  प्रधान सम्पादक : मदन लम्साल  सम्पादकीय निर्देशक : केशव गौतम  कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ  पाञ्चायनमार्ग, थापाथली, काठमाडौं  पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७  इमेल : editorial@abhiyan.com.np  मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर